# वार्षिक प्रगति प्रतिवेदन

## (आ.व. २०८१/८२)




नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

# वार्षिक प्रगति प्रतिवेदन

## (आ.व. २०८१/८२)

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरवार, काठमाडौं

**संरक्षक**

सचिव श्री कृष्णहरि पुष्कर

**सम्पादक मण्डल**

| | |
|---|---|
| सहसचिव श्री निश्चलराज पाण्डे | संयोजक |
| उपसचिव श्री महेश पराजुली | सदस्य |
| उपसचिव श्रीमेघनाथ रिमाल | सदस्य |
| उपसचिव (लेखा) श्री रमेश पौडेल | सदस्य |
| शाखा अधिकृत श्री बिक्रम शर्मा | सदस्य-सचिव |

**सम्पादन सहयोगी**

शाखा अधिकृत श्री चिरञ्जिबी लुइँटेल

कम्प्युटर अपरेटर श्री रोशन गौतम

**सुझाव तथा सल्लाहको लागि सम्पर्क ठेगाना**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

नीति, योजना तथा बहुपक्षीय समन्वय शाखा,

सिंहदरवार, काठमाडौं

Website: www.moless.gov.np

Email: planning@moless.gov.np, admin@moless.gov.np, info@moless.gov.np

फोन नं. ०१-४२११९९१, ४२११६७८, ४२११८१५ फ्याक्स : ०१-४२११८७७

टोल फ्रि नं. ११४१

# सम्पादकीय

सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ लगायतका विभिन्न कानूनहरुले नागरिकको सूचना प्राप्त गर्न पाउने अधिकारलाई स्थापित गरेका छन्। यी कानूनी व्यवस्थाहरूलाई आत्मसात गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका कार्यहरू सम्बन्धित सरोकारवालाहरूमा सम्प्रेषण गर्ने उद्देश्यले यो वार्षिक प्रतिवेदन प्रकाशन गरेको छ।

मन्त्रालयबाट आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित वार्षिक नीति, बजेट, कार्यक्रम, प्रमुख उपलब्धिहरू, समस्या तथा चुनौतीहरु र समाधानका उपायहरु लगायतका विषयहरु यस प्रतिवेदनमा समेटिएका छन्।

वार्षिक प्रतिवेदन तयार गर्ने क्रममा प्रस्तुत प्रतिवेदनलाई ४ (चार) परिच्छेदमा विभाजन गरिएको छ। पहिलो परिच्छेदमा मन्त्रालयको परिचय, मन्त्रालयको कार्यक्षेत्र र सङ्गठन संरचना उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा आर्थिक वर्ष २०८१/८२ मा मन्त्रालयको वार्षिक कार्यक्रम, बजेट र क्षेत्रगत लक्ष्य तथा माईलस्टोनहरुको प्रगति विवरण उल्लेख गरिएको छ। तेस्रो परिच्छेदमा आ.व. २०८१/८२ का उपलब्धिसहित मन्त्रालयबाट सम्पादन भएका मुख्य-मुख्य कार्यहरू र चौथो परिच्छेदमा वार्षिक लक्ष्य तथा उद्देश्य बमोजिम प्रभावकारी रुपमा कार्यसम्पादन गर्न नसक्नुका कारण, समस्या तथा चुनौती र समाधानका उपायहरुसहित निश्कर्ष समावेश गरिएको छ। प्रस्तुत प्रतिवेदन श्रम, रोजगार तथा सामाजिक सुरक्षाको क्षेत्रमा चासो राख्ने सबैलाई उपयोगी हुने विश्वास लिएका छौं।

अन्त्यमा, वार्षिक प्रतिवेदन तयारी कार्यमा महत्वपूर्ण र रचनात्मक सल्लाह सुझाव दिनुहुने माननीय मन्त्रीज्यू, श्रीमान सचिवज्यू, सहसचिवज्यूहरु, विभागीय प्रमुखज्यूहरु, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

**सम्पादक मण्डल**

# विषय सूची


परिच्छेद एक ........................................................ १

परिचय ........................................................ १

१.१ पृष्ठभूमि ........................................................ १

१.२ मन्त्रालयको  कार्यक्षेत्र र सङ्गठन संरचना ........................................................ २

१.३ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिकाहरुको विवरण ........................................................ २१

परिच्छेद दुई ........................................................ २४

वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था ........................................................ २४

२.१ आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित मन्त्रालयका बिषयहरु ........................................................ २४

२.२. आ.व. २०८१/८२ को वार्षिक बजेट वक्तव्यमा उल्लेखित मन्त्रालयका विषयहरु ........................................................ २५

२.३ आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था ........................................................ २६

२.४ आ.व.२०८१/८२ वार्षिक बजेट तथा कार्यक्रम ........................................................ २६

२.५  क) आ.व.२०८१/८२ मा मन्त्रालय र मातहतका संघीय निकायहरुमा वित्तीय प्रगतिको अवस्था ........................................................ २८

ख) आ.व.२०८१/८२ मा मन्त्रालय र मातहतका संघीय निकायहरुको वार्षिक लक्ष्यअनुसारको प्रगति अवस्था ........ २९

२.६ श्रम तथा रोजगार क्षेत्रका मुख्य सूचकहरुको अवस्था ........................................................ ३०

२.७ १६औं योजनाको नतिजा खाका बमोजिम आ.व. २०८१/८२ को प्रगति स्थिति ........................................................ ३०

२.८ वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना (माईलस्टोन) स्थिति ........................................................ ३१

२.९ वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजनाको प्रगति विवरण ........................................................ ३२

२.१०  राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को बैठकका मुख्य-मुख्य निर्णयहरुको कार्यान्वयन अवस्था ...... ३९

परिच्छेद तीन ........................................................ ४१

आर्थिक वर्ष २०८१/८२ का प्रमुख उपलब्धिहरु ........................................................ ४१

३.१ नीतिगत सुधारतर्फ ........................................................ ४१

३.२ क्षमता विकासतर्फ ........................................................ ४१

३.३ श्रम कूनीतिको क्षेत्र ........................................................ ४२

३.४ सेवा प्रवाहको क्षेत्र ........................................................ ४३

परिच्छेद चार ........................................................ ५१

समस्या तथा चुनौती र समाधानका उपायहरु ........................................................ ५१

४.१ समस्या तथा चुनौतीहरु ........................................................ ५१

४.२ समस्या समाधानका उपायहरु ........................................................ ५२

४.३ निष्कर्ष ........................................................ ५२

# कार्यकारी सारांश

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ अनुसार मन्त्रालय, विभाग र अन्य केन्द्रीयस्तरका सरकारी निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएपश्चात उक्त अवधिमा सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेको कार्यप्रगति लगायतका कुराहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था भएअनुरुप यस मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका कार्यहरू र प्राप्त गरेका उपलब्धिहरूलाई समावेश गरी सम्बन्धित निकायमा प्रतिवेदन गर्न र नागरिकहरूलाई सुसूचित गर्ने उद्देश्य अनुरुप यो प्रतिवेदन तयार गरिएको छ।
- श्रम सम्बन्ध, रोजगार व्यवस्थापन एवम् सामाजिक सुरक्षाका सन्दर्भमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्षेत्र अनुसार आ.व. २०८१/८२ मा मन्त्रालय र अन्तर्गतका निकायहरुमार्फत् विभिन्न उपलब्धिहरु हासिल भएका छन्।
- नीतिगत तथा कानूनी सुधारमार्फत् मन्त्रालय र मातहतका निकायको कार्यलाई थप उपलब्धिमूलक बनाउने उद्देश्यले मन्त्रालयको ५ वर्षे रणनीतिक योजना (२०७९/८०-२०८३/८४) कार्यान्वयन भैरहेको छ।
- सूचना प्रविधिको प्रयोगमार्फत् सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन 'Faceless, Paperless र Cashless' को अवधारणा बमोजिम वैदेशिक रोजगारीको लागि प्रदान गरिने श्रम स्वीकृति र पुन: श्रम स्वीकृतिको कार्यलाई पूर्णरुपमा अनलाईन प्रणालीमा आवद्ध गरिएको छ। वैदेशिक रोजगार बोर्डको सचिवालयबाट उपलब्ध गराउने आर्थिक सहायता र छात्रवृत्तिसम्बन्धी सेवालाई समेत अनलाईनमार्फत् प्रदान गर्ने कार्यलाई थप प्रभावकारि बनाईएको छ। श्रम स्वीकृतिसम्बन्धी सेवालाई पूर्णरुपमा Online प्रणालीमा आवद्ध गरी प्रदेशस्थित श्रम तथा रोजगार कार्यालयहरुबाट पनि सबै प्रकारका श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाईएको छ। साथै, स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमार्फत् समेत पुन: श्रम स्वीकृति सम्बन्धमा आवश्यक सहजीकरण भैरहको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत् रोजगार सेवा केन्द्रबाट ७ लाख ९७ हजार ७ सय २४ जना सूचीकृत बेरोजगारमध्ये ५४ हजार ५ सय ८७ जनाले औसत ५३ दिन न्यूनतम रोजगारीमा संलग्न भएका छन्।
- मन्त्रालय र मातहतका कार्यालयहरुको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) सम्पन्न गरी स्वीकृत नयाँ सङ्गठन संरचना र दरबन्दी तेरिज बमोजिम कार्यान्वयन तथा कर्मचारी व्यवस्थापन गरिएको। साथै, मातहतका ४ वटा श्रम तथा रोजगार कार्यालयहरुको व्यवस्थापन परीक्षण र १ कार्यालयको सेवाग्राही सन्तुष्टी सर्वेक्षण सम्पन्न गरिएको छ।
- जापान र संयुक्त अरब ईमिरेट्स लगायतका देशहरुसँग संयुक्त समितिको बैठक सम्पन्न गरी नेपाली कामदारका सवालहरूका सम्बन्धमा छलफल गरिएको छ। आ.व. २०८१/८२ मा संस्थागत श्रम स्वीकृति, नयाँ व्यक्तिगत श्रम स्वीकृति र श्रम नवीकरणसमेत गरी जम्मा ८,३९,२६६ जनालाई श्रम स्वीकृति प्रदान गरिएको छ। जसमध्ये ७,४४,८११ जना पुरूष र ९४,४५५ जना महिला रहेका छन्।

- वैदेशिक रोजगारसम्बन्धी सेवा प्रवाह गर्ने निकाय र कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको संरक्षकत्वमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड र हेल्भेटास नेपालबीच समझदारी-पत्रमा हस्ताक्षर भई कार्यान्वयन भैरहेको छ।
- राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको पाँच वर्षीय रणनीतिक योजनाको मस्यौदा निर्माण, सीप मूल्याङ्कन प्रक्रियाको नियमावलीको मस्यौदा निर्माण र पाठ्यक्रम विकास निर्देशिका निर्माणमा प्राविधिक सहयोग प्राप्त भएको छ।
- वैदेशिक रोजगारसम्बन्धी कल्याणकारी कार्यअन्तर्गत वैदेशिक रोजगारीको क्रममा मृत्यू भएका १२५० जना कामदारका परिवारलाई आर्थिक सहायता प्रदान गरिएको, ६९८ जना अङ्गभङ्ग वा गम्भीर बिरामी भएका कामदारलाई आर्थिक सहायता प्रदान, वैदेशिक रोजगारीको क्रममा विभिन्न कारणले पीडित भएका व्यक्तिका छोराछोरीहरुमध्ये ३९९० जनालाई रू. ५ करोड १२ लाख १२ हजार ४ सय छात्रवृत्ति सहायता रकम वितरण गरिएको छ।
- वैदेशिक रोजगारसँग सम्बन्धित राहत, उद्दार तथा समन्वय शाखा, मुद्दा शाखा र प्रहरी शाखामा प्राप्त १२ हजार ७ सय ९१ वटा उजुरीमध्ये ३ हजार ७ सय २० वटा उजुरी फछ्यौट गरी क्षतिपूर्तिबापतको रकम रू ४०,१९,५०,३१५ (अक्षेरुपी रू चालिस करोड उन्नाइस लाख पचास हजार तीन सय पन्ध्र मात्र) सहायता उपलब्ध गराईएको छ।
- श्रम सम्बन्ध र व्यवसायजन्य सुरक्षाका सवालमा विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिएको छ। यस अवधिमा ३ हजार ७ सय १७ बाल श्रम निरीक्षण एवम् ३ हजार ७ सय ६२ प्रतिष्ठान निरीक्षण गरिएको छ भने ४ हजार २ सय ७४ श्रम अडिट प्रतिवेदन प्राप्त भएको छ। नेपालमा कार्य गर्नका लागि ८ सय ९२ जना विदेशी नागरिकलाई श्रम अनुमति प्रदान गरिएको र १ हजार ६ सय ६७ जना गैर-नेपाली नागरिकको श्रम स्वीकृति नवीकरण गरिएको छ। आ.व. २०८१/८२ मा ६६ वटा संस्थालाई नयाँ श्रमिक आपूर्तिकर्ता ईजाजतपत्र र ४७३ वटा संस्थाको श्रमिक आपूर्तिकर्ता ईजाजतपत्र नवीकरण गरिएको छ।
- आर्थिक वर्ष २०८१/८२ मा मन्त्रालय अन्तर्गत १२ वटा बजेट उपशिर्षकहरुमा विभिन्न कार्यक्रम तथा आयोजना सञ्चालन गरिएका छन्। आर्थिक वर्ष २०८१/८२ मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकायहरुमा विनियोजन भएको रकम रू. १ अर्ब ८६ करोड ३२ लाख ९८ हजारमध्ये रू १ अर्ब १ करोड १३ लाख ६८ हजार खर्च भई कूल विनियोजित बजेटको ५४.२८ प्रतिशत खर्च भएको छ।
- मुलुकभित्र पर्याप्त रोजगारीको अवसर सिर्जना गरी उपलव्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने गरी सङ्घ, प्रदेश र स्थानीय तहको साझा कार्यक्रमको रुपमा रोजगारीको हकको कार्यान्वयन गर्ने तथा आन्तरिक रोजगारी प्रवर्द्धनका विविध पक्षहरुलाई समेत समावेश गरी प्रधानमन्त्री रोजगार कार्यक्रम (आ.व. २०८२/८३ देखि राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रममा रुपान्तरण भएको) सञ्चालन हुँदै आएको छ।

- आ.व. २०८१/८२ मा २४ हजार ८४ जनालाई व्यावसायिक तथा सीप विकास तालिम, ७१ हजार ९ सय १९ जनालाई वित्तीय साक्षरता तालिम र ४ हजार ९ सय ७६ जनालाई मनोसामाजिक परामर्श, वैदेशिक रोजगारसँग सम्बन्धित सूचना प्रदान ४ लाख ३३ हजार ३ सय ७८ जनालाई सेवा प्रदान गरिएको छ। वैदेशिक रोजगारीबाट फर्किएर नेपालमा उद्यम गरेका नेपाली नागरिकहरुमध्ये ८ जना उत्कृष्ठ उद्यमीलाई सम्मान गरिएको छ। हालसम्म सामाजिक सुरक्षा कोषमा आवद्ध हुने प्रतिष्ठानको संख्या २० हजार ९ सय ७६ र श्रमिकको संख्या २३ लाख ८० हजार १ सय ८० पुगेको छ।
- समग्रमा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरु कार्यान्वयनको लागि मुख्य रुपमा श्रम र रोजगार सम्बन्धी नीति, सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिहरुको कार्यान्वयन एवम् श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयहरुमा निरन्तर नीतिगत, संरचनागत तथा प्रक्रियागत एवम् अन्य सुधारका कार्यहरु सम्पादन हुँदै आएको छ।

# परिच्छेद एक
# परिचय

## १.१ पृष्ठभूमि

असल औद्योगिक सम्बन्ध विकास गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने, श्रमिकको हकहित एवम् पेशागत स्वास्थ्य, सुरक्षा र मर्यादित कार्य वातावरण बनाउने, योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन गर्ने, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने तथा व्यवसायिक सीपयुक्त जनशक्तिको विकासको माध्यमबाट रोजगारी र स्वरोजगारीको प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रयत्नशील रहँदै आएको छ। यस मन्त्रालयको कार्यक्षेत्रमा आन्तरिक रोजगार प्रवर्द्धन, व्यवसायिक सीप विकास तालिम, असल श्रम सम्बन्ध विकास, योगदानमा आधारित सामाजिक सुरक्षा र वैदेशिक रोजगार व्यवस्थापन लगायतका कार्यहरु पर्दछन्।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ऐतिहासिक विकासक्रम हेर्दा श्रमसम्बन्धी मामिला हेर्ने उद्देश्यले वि.सं.२०२८ सालमा उद्योग मन्त्रालय अन्तर्गत श्रम विभागको स्थापना भएको र विभागको स्थापना भएको करिब एक दशकपश्चात् वि.सं.२०३८ सालमा छुट्टै मन्त्रालयको रुपमा श्रम तथा समाज कल्याण मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्पश्चात तत्कालीन सरकारको कार्यविभाजन नियमावली वि.सं.२०५२ सालमा समाज कल्याणको क्षेत्रलाई अलग गरी श्रम मन्त्रालय मात्र कायम भएकोमा वि.सं.२०५७ सालमा यातायात व्यवस्थापनको क्षेत्रसमेत थप भई श्रम तथा यातायात व्यवस्था मन्त्रालय कायम भएको र वि.सं.२०६९ सालमा मन्त्रालयको कार्यक्षेत्र हेरफेर भई श्रम तथा रोजगार मन्त्रालय नामाकरण भएको पाईन्छ। मिति २०७४ चैत्र ३ गते मन्त्रालयको कार्यक्षेत्रमा सामाजिक सुरक्षा समेत थप हुन गई हाल मन्त्रालयको नाम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय कायम भएको देखिन्छ।

मर्यादित श्रम र रोजगार व्यवस्थापन, व्यवसायजन्य स्वास्थ्य सुरक्षाको प्रवर्द्धन, बालश्रम निवारण, रोजगारीको अवसरको सिर्जना, व्यावसायिक सीप विकास तालिम, सामाजिक सुरक्षा योजनामा सबैको आबद्धता बढाउने मन्त्रालयको मुख्य उद्देश्य रहेका छन्। श्रम, रोजगार र सामाजिक सुरक्षा क्षेत्रका राष्ट्रिय नीति, योजना र कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन विशेषतः आन्तरिक श्रम व्यवस्थापन गरी असल औद्योगिक श्रम सम्बन्धको विकास, आन्तरिक रोजगारीका अवसरको विस्तार र सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु मन्त्रालयको कार्यक्षेत्र रहेको छ। वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनुका साथै वैदेशिक रोजगारबाट आर्जित ज्ञान, सीप, प्रविधि, पुँजी र अनुभवको उपयोगबाट आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने समेत मन्त्रालयको जिम्मेवारी रहेको छ।

नेपालको संविधानको भाग ३, धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक हुने, श्रमिकलाई रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून अनुसार हुने भनी रोजगारीको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। यसैगरी धारा ३४ ले प्रत्येक श्रमिकलाई श्रमको उचित

अभ्यासको हक हुने, प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने, प्रत्येक श्रमिकलाई कानूनबमोजिम ट्रेड युनियन खोल्न पाउने र त्यसमा सहभागी हुने तथा सामूहिक सौदावाजी गर्न पाउने हक हुनेछ भन्ने विषयलाई मौलिक अधिकारको रुपमा सुनिश्चित गरेको हुनाले पनि श्रम मन्त्रालयको कार्यक्षेत्र, दायित्व र भूमिकालाई बढी जिम्मेवार बनाएको देखिन्छ। वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अनुरुप मन्त्रालयका काम कारवाही निर्देशित भइरहेका छन्।

चालु सोह्रौं योजनाको संरचनात्मक रुपान्तरणका प्रमुख क्षेत्रमा उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षालाई लिएको छ भने आन्तरिक रोजगारीका अवसर सिर्जना, जनसाङ्ख्यिक लाभको अधिकतम उपयोग, श्रम व्यवस्थापनमा सुधार, वैदेशिक रोजगारी व्यवस्थापन, व्यावसायिक तथा सीपमूलक तालीमलाई श्रम बजार अनुकूल हुने गरी व्यवस्थापन, सामाजिक सुरक्षाको वित्तीय दिगोपना सुनिश्चित गर्दै दायरा विस्तार, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रभावकारीता अभिवृद्धि, आप्रवासी कामदारबाट सिर्जित समस्याको उचित सम्बोधन, विदेशबाट फर्केका श्रमिकको ज्ञान, सीप, अनुभव, प्रविधि, पुँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन, रोजगारी सिर्जना र व्यवस्थापनमा अन्तर-सरकार समन्वयको प्रभावकारिता अभिवृद्धिजस्ता मुख्य सवाल तथा चुनौतिहरु उल्लेख गरिएको छ। त्यसैगरी सोह्रौं योजनाको रुपान्तरणकारी रणनीतिमा आन्तरिक रोजगारिका पर्याप्त अवसर सिर्जना गर्ने, जनसाङ्ख्यिक लाभको अधिकतम उपयोग गर्ने, प्राविधिक तथा व्यावसायिक तालिम कार्यक्रमलाई प्रभावकारी बनाउने, वैदेशिक रोजगारीका सबै चरणलाई व्यवस्थित गर्ने, श्रम व्यवस्थापनमा सुधार गर्ने, सामाजिक सुरक्षालाई प्रभावकारी बनाउने, विदेशमा श्रम गरी फर्केका श्रमिकको ज्ञान, सीप, अनुभव र पुँजीलाई उत्पादनशील क्षेत्रमा प्रयोग गर्ने, आप्रवासी कामदारको व्यवस्थापन गर्ने रहेको छ। यसबाट गुणस्तरीय मानव संशाधनको माध्यमबाट श्रमको विकास तथा उत्पादकत्व अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाई "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच हासिल गर्न यस मन्त्रालयको महत्वपूर्ण भूमिका रहेको देखिन्छ।

## १.२ मन्त्रालयको कार्यक्षेत्र र सङ्गठन संरचना

### १.२.१ परिचयः

श्रम तथा रोजगारसम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन, श्रमशक्ति र श्रम बजारसम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन र विश्लेषण श्रमसम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क र सम्बन्ध, श्रमिक र व्यवस्थापकबीचको सम्बन्ध, रोजगार सेवा तथा श्रमिक आपूर्ति, व्यावसायिक सीप विकास तालिमको सञ्चालन, समन्वय र प्रवर्द्धन, श्रमिकहरुको सामाजिक सुरक्षा, गैरनेपाली नागरिकहरुको लागि श्रम अनुमतिपत्र प्रदान, श्रम प्रशासन र व्यवस्थापन, श्रमिकलाई उपलब्ध गराउने बोनस, रोजगारी सिर्जना सम्बन्धी कार्यको समन्वय लगायतका कार्यहरु मन्त्रालयबाट सम्पादन गरिन्छ।

मुलुकमा मर्यादित श्रम र रोजगार व्यवस्थापन गरी रोजगारी सिर्जना, रोजगारीका लागि व्यावसायिक सीपयुक्त श्रमिकको विकास, योगदानमा आधारित सामाजिक सुरक्षा र व्यवसायजन्य स्वास्थ्य सुरक्षाको

प्रवर्द्धन, बालश्रम निवारण लगायतका काम मन्त्रालयबाट हुँदै आएको छ। वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु र वैदेशिक रोजगारीबाट आर्जित सीप, प्रविधि र पुँजीको सदुपयोग गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्नु पनि यस मन्त्रालयको मुख्य जिम्मेवारी रहेको छ।

मन्त्रालयको स्थापना हुनुअघि वि.सं.२०२८ मा श्रम सम्बन्धी मामिला हेर्न उद्योग मन्त्रालय अन्तर्गत श्रम विभागको स्थापना भएको थियो। श्रम विभाग स्थापना भएको एक दशकपछि वि.सं.२०३८ मा श्रम तथा समाज कल्याण मन्त्रालयको स्थापना भयो। नेपाल सरकारको कार्यविभाजन नियमावली परिवर्तन भई वि.सं.२०५२ मा समाज कल्याणको क्षेत्र अलग गरी श्रम मन्त्रालय मात्र कायम भएकोमा वि.सं.२०५७ मा यातायात व्यवस्थापनको क्षेत्र समेत समायोजन भई श्रम तथा यातायात व्यवस्था मन्त्रालय कायम हुन गयो। यसै क्रममा वि.सं.२०६९ मा यातायात व्यवस्थाको क्षेत्र अन्यत्र लगि श्रम तथा रोजगार मन्त्रालय नामाकरण भयो। वि.सं. २०७४ मा कार्यक्षेत्र विस्तार भई हाल श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय कायम भएको छ।

### १.२.२ मन्त्रालयको सोंचः

मर्यादित श्रम, उत्पादनशील रोजगारी र दिगो सामाजिक सुरक्षासहितको समृद्धि।

### १.२.३ मन्त्रालयको लक्ष्यः

उत्पादनशील रोजगारीका अवसरको अभिवृद्धि, मर्यादित श्रमको सुनिश्चितता गरी श्रमको अधिकतम् उपयोग र योगदानमा आधारित सामाजिक सुरक्षामार्फत् सामाजिक संरक्षणलाई दिगो र पहुँचयोग्य बनाई नागरिक हकको कार्यान्वयन गर्ने।

### १.२.४ मन्त्रालयको उद्देश्यः

- उत्पादनशील रोजगारीका अवसरमा वृद्धि गर्नु।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु।
- श्रमिकको अधिकार सुनिश्चित गर्दै असल औद्योगिक श्रम सम्बन्ध कायम गर्नु।
- बाल श्रमलगायत सबै प्रकारका श्रम शोषणको अन्त्य गर्नु।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग बमोजिम सीपयुक्त श्रमशक्ति उत्पादन र त्यसको मर्यादित उपयोग गर्नु।
- एकिकृत सामाजिक सुरक्षा नीति अवलम्बन गरी आम नागरिकलाई सामाजिक सुरक्षाको दायरामा समेट्नु।
- सुशासन अभिवृद्धि गर्नु।

### १.२.५ मन्त्रालयको कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र देहायबमोजिम तोकिएको छः

(क) श्रम तथा रोजगारसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(ख) वैदेशिक रोजगारसम्बन्धी नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन,

(ग) श्रमिक तथा कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(घ) औद्योगिक विवाद समाधान,

(ङ) रोजगारसम्बन्धी तथ्याङ्क, अध्ययन र अनुसन्धान,

(च) श्रम तथा व्यवसायजन्य स्वास्थ्य सुरक्षा निरीक्षण र श्रम सम्बन्धसम्बन्धी आयोग,

(छ) रोजगारोन्मुख सीपमूलक एवम् व्यावसायिक तालिम नीति,

(ज) ट्रेड युनियनसम्बन्धी एकिकृत कानून नियमन,

(झ) बाल श्रम निवारणसम्बन्धी नीति र कानून,

(ञ) व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी नीति, कानून र मापदण्ड,

(ट) विदेशीहरुका लागि श्रम अनुमति, श्रम सहचारी,

(ठ) बेरोजगारसम्बन्धी एकिकृत तथ्याङ्क व्यवस्थापन, अध्ययन र अनुसन्धान,

(ड) मन्त्रालयसम्बन्धी राष्ट्रिय-अन्तर्राष्ट्रिय संघ-संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,

(ढ) मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।

## मन्त्रालय अन्तर्गतका महाशाखाहरुको कार्यविवरण

### १.२.६. प्रशासन तथा योजना महाशाखाको कार्यविवरण

<u>नीति निर्माण तथा कार्यान्वयनसम्बन्धी</u>

- मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरुको तर्जुमा तथा परिमार्जनसम्बन्धी कार्य गर्ने गराउने,
- मन्त्रालयको कार्यक्षेत्रसम्बन्धी राष्ट्रिय नीति, योजना, वार्षिक कार्यक्रम, बजेट तर्जुमाको समन्वय, अनुगमन, मूल्याङ्कन र आवधिक समीक्षासम्बन्धी कार्य गर्ने गराउने,

<u>जनशक्ति व्यवस्थापन तथा कर्मचारी प्रशासनसम्बन्धी</u>

- मन्त्रालय र अन्तर्गतको जनशक्ति व्यवस्थापन एवम् विकास सम्बन्धी कार्य गर्ने गराउने,
- निजामती सेवा ऐन, नियमावली अनुसार कर्मचारीहरुलाई दिइने सुविधा, पुरस्कार र विभागीय सजायसम्बन्धी काम गर्ने गराउने,
- मन्त्रालय र अन्तर्गतको को सङ्गठन संरचना, दरवन्दी एवम् कार्य विवरणसम्बन्धी काम गर्ने गराउने,
- मन्त्रालयको दैनिक प्रशासन सञ्चालन गर्ने गराउने,
- काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्तिसम्बन्धी कार्यहरु गर्ने गराउने,
- स्वदेशी तथा विदेशी छात्रवृत्ति एवम् वैदेशिक भ्रमणका लागि सम्भाव्य उम्मेदवारको सूची तयार गरी रायसाथ पेश गर्ने गराउने।

**आर्थिक प्रशासन तथा खरिद व्यवस्थापनसम्बन्धी**

- मन्त्रालय अन्तर्गतको सार्वजनिक खरिदसम्बन्धी कार्यहरु गर्ने गराउने,
- आर्थिक प्रशासनसम्बन्धी कार्यहरु गर्ने गराउने,
- बेरुजुको लगत अद्यावधिक गर्ने, गर्न लगाउने तथा फछ्र्यौट गर्ने गराउने।

**समन्वय/सहजीकरणसम्बन्धी**

- मन्त्रालय र महाशाखासँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय सम्पर्कसम्बन्धी कार्यहरु गर्ने गराउने,
- अन्तरमहाशाखा, शाखा, विभाग र सङ्गठित संस्थाबीच समन्वयसम्बन्धी कार्यहरू गर्ने गराउने,
- मन्त्रालय र अन्तर्गत नियमित तथा वैदेशिक सहायताबाट सञ्चालन हुने आयोजना/कार्यक्रमहरुको तर्जुमा गर्ने एवम् कार्यान्वयनका लागि आवश्यक समन्वय र अनुगमन मूल्याङ्कन गर्ने गराउने,
- प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी गर्नुपर्ने आवश्यक कार्यहरु गर्ने गराउने, अध्ययन अनुसन्धान प्रकाशनसम्बन्धी कार्य गर्ने गराउने,
- वार्षिक प्रतिवेदन र अन्य प्रकाशन, प्रसारण तथा वितरण सम्बन्धी कार्यहरु गर्ने गराउने।

**अन्य/विविध**

- महाशाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने गराउने,
- सूचना अधिकारी तथा विभिन्न निकाय एवम् विषयगत सम्पर्क बिन्दुको काम गर्ने गराउने,
- मातहतका निकायहरुबीच नियमित अनुगमन, मूल्याङ्कनसम्बन्धी कार्यहरु गर्ने गराउने,
- अदालतबाट भएका फैसला तथा आदेशको कार्यान्वयनसम्बन्धी कार्य गर्ने गराउने,
- मन्त्रालयलाई विपक्षी बनाई परेका रिट, निवेदन र मुद्दाहरुको प्रतिरक्षा गर्ने गराउने,
- व्यवस्थापन परीक्षणसम्बन्धी कार्य गर्ने गराउने।

### १.२.६.१. प्रशासन शाखाको कार्यविवरण

- प्रशासन शाखासँग सम्बन्धित नीति एवम् कानून, गुरुयोजना, योजना, संशोधन, कार्यान्वयन, अनुगमन तथा नियमनसम्बन्धी कार्य गर्ने,
- मन्त्रालय र अन्तर्गतको कर्मचारी प्रशासन, जनशक्ति व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको सङ्गठन संरचना, दरबन्दी सिर्जना, कर्मचारीको कार्यविवरण, नियुक्ति, पदस्थापन, अधिकार प्रत्यायोजन, सरुवा, काज, बढुवा, विदा, सम्पत्ति विवरण, कार्यसम्पादन मूल्याङ्कन, अवकाशसम्बन्धी कार्यहरु गर्ने,
- मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुको अभिलेख अद्यावधिक गर्ने,
- व्यवस्थापन परीक्षणसम्बन्धी कार्यको समन्वय तथा सहजीकरण गर्ने,
- कर्मचारीहरुलाई दिइने सुविधा, पुरस्कार र विभागीय कारवाही तथा सजायसम्बन्धी कार्य गर्ने,
- स्वदेशी तथा विदेशी छात्रवृत्ति, तालिम, गोष्ठी आदिमा कर्मचारी मनोनयनको लागि सिफारिस तथा विदा स्वीकृतिका निम्ति पेश गर्ने,

- मन्त्रालयभित्र परिवहन तथा सञ्चार व्यवस्थापन गर्ने,
- मन्त्रालय र अन्तर्गतका निकायहरूको लागि घरजग्गा र भवनको व्यवस्थापन गर्ने,
- मन्त्रालयको भौतिक साधनहरुको स्याहार, सम्भार, मर्मत, सरसफाई, कार्यालय विन्यास तथा संरक्षण लगायत जिन्सी व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- मन्त्रालयभित्र कागज धुल्याउने तथा लिलामीसम्बन्धी व्यवस्था गर्ने,
- उजुरी तथा गुनासो सुनुवाईसम्बन्धी कार्य गर्ने,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय सूचना आयोगसँगको सम्पर्क, समन्वय एवम् सुशासन इकाईको रुपमा कार्य गर्ने,
- खरिद ईकाइ गठन तथा व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- पुस्तकालय व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- मन्त्रालय र अर्न्तगतका केन्द्रीय निकायहरुको स्रोतसाधनसम्बन्धी विवरण अद्यावधिक गर्ने,
- मन्त्रालय अर्न्तगतका निकायहरुको निरिक्षण, सुपरिवेक्षण र अनुगमन व्यवस्थापन गर्ने,
- कर्मचारी बैठक, समारोह, कार्यशाला गोष्ठी व्यवस्थापनसम्बन्धी कार्य गर्ने
- शाखासँग सम्बन्धित कामको अभिलेख व्यवस्थापन गर्ने,
- विषयगत निकायहरुको सम्पर्क बिन्दु भई काम गर्ने,
- विषयगत सम्पर्क अधिकारी तोक्न पेश गर्ने,
- मन्त्रालयको स्रोत साधन तथा प्रकाशन वितरणको व्यवस्थापन गर्ने।

### १.२.६.२. नीति, योजना तथा बहुपक्षीय समन्वय शाखाको कार्यविवरण

- मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित नीति एवम् कानून, गुरुयोजना, योजना, वार्षिक,आवधिक तथा दीर्घकालीन रणनीतिको तर्जुमा संशोधन, कार्यान्वयन, अनुगमन तथा नियमनसम्बन्धी कार्य गर्ने,
- आर्थिक प्रशासन शाखाको समन्वयमा वार्षिक कार्यक्रम अनुसार आर्थिक वर्षको साधारणतर्फको अनुमानित बजेट तयारी र स्वीकृतिको लागि पेश गर्ने,
- मन्त्रालय र अन्तर्गत नियमित तथा वैदेशिक सहायताबाट सञ्चालन हुने आयोजना/ कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनमा समन्वय र आवश्यक अनुगमन मूल्याङ्कन गर्ने,
- मन्त्रालयका प्रगति विवरण, प्रतिवेदन तथा बुलेटिन प्रकाशनसम्बन्धी कार्यहरु गर्ने,
- मन्त्रालय र विभागहरु अर्न्तगत सञ्चालन हुने विकासका आवधिक एवम् वार्षिक कार्यक्रमहरु तयार गर्ने,
- राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँगको सहकार्यमा मन्त्रालयअर्न्तगत सञ्चालित विकास कार्यक्रमहरुको कार्यान्वयनको समन्वय गर्ने,
- वैदेशिक सहायतासम्बन्धी विषयमा अर्थ मन्त्रालयसँग समन्वय गरी कार्य गर्ने,
- विदेशी सहयोगवाट सञ्चालन हुने आयोजनासँग सम्बन्धित विषयमा आवश्यक समन्वय गर्ने,
- सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी तथा अन्य अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग समन्वय तथा सहजीकरणसम्बन्धी कार्य गर्ने,

- मन्त्रालय र अर्न्तगत निकायहरुमा सञ्चालित विकास कार्यक्रमहरुको प्रगति, समीक्षा, परिमार्जन तथा अनुगमन मूल्याङ्कन गर्ने,
- नीति समन्वय समिति (Policy Coordination Committee) सम्बन्धी कार्य गर्ने,
- अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा राष्ट्रिय योजना आयोगको सम्पर्क विन्दुको रुपमा काम गर्ने,
- मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) र राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) सम्बन्धी कार्यहरु गर्ने।

### १.२.६.३. कानून तथा फैसला कार्यन्वयन शाखाको कार्य विवरणः

- मन्त्रालयसँग सम्बन्धित ऐन, कानूनहरूको परिमार्जनका लागि मस्यौदा पेश गर्ने,
- नयाँ विधेयक तर्जुमा गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,
- मन्त्रालय र अन्तर्गतका निकायहरूबाट माग भएबमोजिम कानूनी राय, परामर्श उपलब्ध गराउने,
- मन्त्रालय पक्ष हुने सन्धि, सम्झौता, समझदारीपत्र आदिमा कानूनी राय उपलब्ध गराउने,
- सर्वोच्च अदालतवाट कायम नजिरसम्बन्धी निर्णयहरुको लगत विवरण अद्यावधिक गर्ने र सम्बद्ध पदाधिकारीहरुलाई जानकारी गराउने,
- मन्त्रालयविरुद्ध परेका रिट/निवेदन र पुनरावेदनसम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको कार्यक्षेत्रका विषयमा सम्मानित अदालतबाट भएका फैसला कार्यान्वयन गर्ने गराउने,
- अदालतमा दिने जवाफ तयार गरी पेश गर्ने,
- ऐन, नियम परिमार्जन तथा तर्जुमा शाखाबाट प्राप्त भएका राय सङ्कलन गरी सम्बन्धित विषयको निर्णयसार बनाउने कार्य गर्ने,
- नेपाल राजपत्रमा प्रकाशन गरिनुपर्ने सूचनासम्बन्धी कार्य गर्ने,
- कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय, वैदेशिक रोजगार न्यायाधिकरण तथा श्रम अदालतको सम्पर्क शाखाको रुपमा काम गर्ने,
- कानूनले सिर्जना गरेका अन्य जिम्मेवारीहरु सम्बन्धी काम गर्ने।

### १.२.६.४. आर्थिक प्रशासन शाखाको कार्य विवरणः

- प्रचलित कानुन बमोजिम मन्त्रालयको आर्थिक प्रशासन सञ्चालन गर्ने,
- अर्थ मन्त्रालय र यस मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखासँग समन्वय गरी वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्ने,
- आर्थिक प्रशासनसम्बन्धी विषयमा माग भएबमोजिमको राय सल्लाह प्रदान गर्ने,
- विनियोजन बजेट अन्तर्गत बजेट निकासासम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखासँग समन्वय गरी कार्यक्रम संशोधन र रकमान्तरसम्बन्धी कार्य गर्ने,
- ऐन नियमानुसार तोकिएको श्रेस्ता राख्ने, राख्न लगाउने,

- विनियोजन हिसाबको लागि आवश्यक मास्केवारी तथा अन्य फाँटवारी नियमित रुपमा तयार गर्ने गराउने र सम्बन्धित निकायमा समयमै पठाउने व्यवस्था गर्ने गराउने,
- आर्थिक प्रशासन शाखाको सहभागिता आवश्यक हुने विभिन्न समितिहरुमा रहि कार्य गर्ने,
- मन्त्रालयका अन्य शाखाहरूसँग समन्वय गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
- वार्षिक विवरण तयार गर्न सहयोग गर्ने,
- वेरुजु फछ्र्यौटसम्बन्धी कार्य गर्ने,
- मन्त्रालय अन्तर्गतका निकायहरुको आर्थिक व्यवस्थापन सुधारका लागि सुझाव दिने,
- आम्दानी तथा खर्चसम्बन्धी विवरणहरु अद्यावधिक राख्ने,
- महालेखा नियन्त्रक कार्यालयको सम्पर्क विन्दुको रुपमा काम गर्ने,
- खरिद व्यवस्थापनमा आवश्यक सहयोग गर्ने।

## १.२.७. वैदेशिक रोजगार व्यवस्थापन महाशाखाको कार्यविवरण

नीति निर्माण तथा कार्यान्वयनसम्बन्धी

- वैदेशिक रोजगारसम्बन्धी ऐन नियमहरुको तर्जुमा, संशोधन, विधेयक तथा नियमावलीहरु तयार गरी पेश गर्ने गराउने,
- वैदेशिक रोजगारसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन गर्ने गराउने,
- वैदेशिक रोजगारसम्बन्धी कार्यक्रमहरु तर्जुमा, समन्वय, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन गर्ने गराउने।

अध्ययन/अनुसन्धान विवरण सङ्कलनसम्बन्धी

- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका श्रम आप्रवासन सम्बन्धी प्रतिवेदनसङ्कलन, प्रकाशन तथा वितरणसम्बन्धी कार्यहरु गर्ने गराउने,
- वैदेशिक रोजगार, विप्रेषण एवम् सामाजिक विप्रेषण सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, विश्लेषण लगायत सूचना विश्लेषणका कार्यहरु गर्ने गराउने,
- वैदेशिक रोजगारसम्बन्धी अनुगमन तथा निरिक्षण र सोको प्रतिवेदन गर्ने गराउने,
- वैदेशिक रोजगारको सूचना एवम् तथ्यांक अद्यावधिक गर्ने गराउने,
- महाशाखासँग सम्बन्धित कार्यको प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी गर्नुपर्ने आवश्यक कार्यहरु गर्ने गराउने।

समन्वय/सहजीकरण/प्रतिनिधित्वसम्बन्धी

- अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (International Organization for Migration- IOM), आप्रवासन र विकाससम्बन्धी विश्वव्यापी मञ्च (Global Forum on Migration and Development-

GFMD), कोलम्बो प्रोसेस, अबुधावी संवाद (Abudhabi Dialogue), बाली प्रोसेसलगायतका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघसङ्गठनहरूसँग सम्बन्धित कार्यहरु गर्ने गराउने,

- श्रम कूटनीतिसम्बन्धी कार्यको समन्वय गर्ने गराउने,
- काउन्सेलर (श्रम) तथा श्रम सहचारीहरुसँग नियमित सम्पर्क र समन्वयको कार्य गर्ने गराउने।

<u>अन्य/विविध</u>

- वैदेशिक रोजगार सूचना सेवा तथा श्रम आप्रवासनसम्बन्धी कार्य गर्ने गराउने,
- वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्डसम्बन्धी कार्य गर्ने गराउने,
- वैदेशिक रोजगार सूचना प्रणाली र विद्युतीय सुशासनसम्बन्धी अन्य कार्यहरु गर्ने गराउने,
- महाशाखासँग सम्बन्धित अभिलेख व्यवस्थापनसम्बन्धी कार्यहरू गर्ने गराउने ।

### १.२.७.१. रोजगार आप्रवासन नीति शाखाको कार्यविवरण

- वैदेशिक रोजगारसम्बन्धी राष्ट्रिय नीति एवम् कानून, मापदण्डको कार्यान्वयन र नियमनसम्बन्धी कार्य गर्ने,
- श्रम कूटनीति प्रवर्द्धनका लागि आवश्यक तयारी तथा समन्वय गर्ने,
- अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (International Organization for Migration - IOM), आप्रवासन र विकाससम्बन्धी विश्वव्यापी मञ्च (Global Forum on Migration and Development-GFMD), कोलम्बो प्रोसेस, अबुधावी संवाद (Abudhabi Dialogue), वाली प्रोसेस, लगायतका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ सङ्गठनहरूसँग सम्बन्धित कार्यहरु गर्ने गराउने,
- वैदेशिक रोजगार सम्बन्धमा नयाँ रोजगार दातामुलुकहरुसंग हुने वार्ता एवम् सम्झौतासम्बन्धी कार्य गर्ने,
- रोजगार दातामुलुकहरुसँग भएका सन्धीसम्झौताहरु कार्यान्वयनका लागि आवश्यक नीतिगत कार्यहरु गर्ने,
- विद्यमान सन्धीसम्झौता तथा कानूनहरुको समयसापेक्ष पुनरावलोकन तथा परिमार्जनको कार्य गर्ने,
- वैदेशिक रोजगारका लागि नयाँ मुलुक खुला गर्न आवश्यक अध्ययन तथा समन्वय गर्ने,
- विदेशमा रहेका नेपालीहरुका सेवामूलक संस्थाहरुसँग सम्पर्क कायम गरी आवश्यकता अनुसार रायसुझाव प्राप्त गर्ने, प्रतिवेदन लिने एवम् उपयुक्त कारवाहिको लागि पेश गर्ने,
- परराष्ट्र मन्त्रालय, विदेशस्थित नेपाली कूटनीतिक नियोगहरु तथा आप्रवासनसम्बन्धी कार्यक्रमहरुको सम्पर्क विन्दुको रुपमा कार्य गर्ने,
- सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी तथा अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय तथा सहजीकरणसम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित सन्धी सम्झौता लगायत अभिलेख व्यवस्थापन गर्ने।
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

### १.२.७.२. वैदेशिक रोजगार व्यवस्थापन शाखाको कार्यविवरणः

- वैदेशिक रोजगारसँग सम्बन्धित संघ संस्थाहरुको नियमन तथा अनुगमन गर्न वैदेशिक रोजगार विभागसँग समन्वय गर्ने,
- वैदेशिक रोजगारसम्बन्धी सूचना एवम् तथ्याङ्क सङ्कलन, अध्ययन, विश्लेषण तथा अद्यावधिक गर्ने,
- वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन आवश्यक कार्य गर्ने,
- वैदेशिक रोजगारसम्बन्धी कार्यक्रमहरु तयार गर्ने, समन्वय गर्ने र प्रतिवेदन गर्ने,
- श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गएका नेपाली नागरिकहरुको हक, हित, उद्धारसम्बन्धी कार्यहरुमा नीतिगत समन्वय गर्ने,
- वैदेशिक रोजगार बोर्डसम्बन्धी कार्य गर्ने,
- वैदेशिक रोजगारबाट विभिन्न क्षेत्रमा पर्ने प्रभावको अध्ययन अनुसन्धान गरी नीतिगत सुझाव दिने,
- वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको स्वास्थ्य तथा सुरक्षाको विषयमा अध्ययन अनुसन्धान गरी नीतिगत सुधारको राय पेश गर्ने,
- वैदेशिक रोजगारीको समग्र चक्रहरु (पूर्व प्रस्थानदेखि स्वदेश फिर्ता) को प्रभावकारी व्यवस्थापन गर्न आवश्यक अन्य कार्यहरु गर्ने,
- काउन्सेलर(श्रम) तथा श्रम सहचारीहरुसँग नियमित सम्पर्क, समन्वय र प्रतिवेदन गर्ने,
- वैदेशिक रोजगारसम्बन्धी कार्यक्रमहरु तयार गर्ने, समन्वय गर्ने र प्रतिवेदन गर्ने,
- वैदेशिक रोजगार सूचना प्रणाली र विद्युतीय सुशासनसम्बन्धी अन्य कार्यहरु गर्ने,
- प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी गर्नुपर्ने आवश्यक कार्यहरु गर्ने,
- वैदेशिक रोजगार विभागसम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित अभिलेख व्यवस्थापन गर्ने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

### १.२.८. श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखाको कार्यविवरणः

<u>नीति निर्माण तथा कार्यान्वयन</u>

- श्रम प्रशासनसँग सम्बन्धित विषयमा नीतिगत, कार्यविधिगत एवम् संरचनागत कार्य गर्ने गराउने,
- श्रम प्रशासनको क्षेत्रमा वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन एवम् अनुगमनसम्बन्धी कार्य गर्ने गराउने,
- श्रम तथा व्यावसायजन्य स्वास्थ्य सुरक्षासम्बन्धी राष्ट्रिय नीति, कानून, कार्यविधि, निर्देशिका, योजना र मापदण्ड तर्जुमासम्बन्धी कार्य गर्ने गराउने,
- बाल श्रम निवारणसम्बन्धी राष्ट्रिय गुरूयोजना (२०७५-२०८५) कार्यान्वयनका लागि अन्तरनिकाय समन्वयसम्बन्धी कार्य गर्ने गराउने,
- योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी राष्ट्रिय नीति, कानून, कार्यविधि, निर्देशिका, योजना र मापदण्ड तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनसम्बन्धी कार्य गर्ने गराउने,
- ट्रेड युनियनसम्बन्धी नीतगत तथा कानूनी सुधार, कार्यान्वयन र नियमनसम्बन्धी कार्य गर्ने गराउने,

- प्रतिष्ठानमा कार्यरत श्रमिकले पाउने बोनससम्बन्धी नीतिगत तथा कानूनी पक्ष सम्बन्धी कार्य गर्ने गराउने,
- विदेशी श्रमिकहरूका लागि श्रम इजाजत/स्वीकृतिसम्बन्धी नीतिगत तथा कानूनी सुधारसम्बन्धी कार्य गर्ने गराउने,
- महाशाखाको कार्यक्षेत्रसँग सम्बन्धित वार्षिक नीति, बजेट तथा कार्यक्रम प्रस्ताव गर्न तथा स्वीकृत कार्यक्रम कार्यान्वयनसम्बन्धी कार्य गर्ने गराउने,
- श्रमिकका आर्थिक सामाजिक हित प्रवर्द्धनसम्बन्धी नीतगत तथा कानूनी सुधारसम्बन्धी।

**<u>समन्वय सहजीकरण/विवरण सङ्कलन</u>**

- सामाजिक विवाद समाधानको लागि समन्वय तथा सहजीकरणसम्बन्धी कार्य गर्ने गराउने,
- योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको विस्तार र कार्यान्वयनका लागि सहजीकरण गर्ने,
- बाल श्रममुक्त स्थानीय तह घोषणासम्बन्धी मापदण्ड, कार्यविधि तर्जुमा तथा सो सम्बन्धमा आवश्यक समन्वय, सहजीकरणसम्बन्धी कार्य गर्ने गराउने,
- श्रमसम्बन्धी सामुहिक विवाद समाधानको लागि मध्यस्थ गठन तथा अन्तरनिकाय समन्वयसम्बन्धी कार्य गर्ने गराउने,
- श्रम, बालश्रम निवारण, व्यावसायजन्य सुरक्षा र स्वास्थ्यलगायत श्रमसम्बन्धी विषयमा प्रदेश सरकार र स्थानीय तहसँग सम्पर्क तथा समन्वयसम्बन्धी कार्य गर्ने गराउने।

**<u>अनुगमन/निरीक्षण/प्रतिधित्व</u>**

- अन्तर्राष्ट्रिय श्रम सङ्गठन लगायत श्रम प्रशासनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क, समन्वय, विभिन्न संरचनाहरुमा प्रतिनिधित्वसम्बन्धी कार्य गर्ने गराउने,
- अन्तर्राष्ट्रिय श्रम सम्मेलन लगायत अन्तर्राष्ट्रिय मन्चहरुमा प्रतिनिधित्वसम्बन्धी कार्य गर्ने गराउने,
- प्रतिष्ठान निरीक्षणका लागि एकिकृत निरीक्षण ढाँचा तयार गरी निरीक्षण गर्ने गराउने,
- श्रम प्रशासनसम्बन्धी विषयमा मातहत निकायको अनुगमन, कार्यसम्पादन मूल्याङ्कन तथा सहजीकरण र समन्वयसम्बन्धी कार्य गर्ने गराउने।

**<u>अध्ययन/अनुसन्धान प्रकाशन</u>**

- असल श्रम सम्बन्ध, बाल श्रम निवारण, व्यवसाजन्य सुरक्षा तथा स्वास्थ्य, सामाजिक सुरक्षासम्बन्धी विषयमा अध्ययन, अनुसन्धान, सर्वेक्षण, तथ्याङ्क सङ्कलन तथा विश्लेषणसम्बन्धी कार्य गर्ने गराउने,
- नेपालले अनुमोदन गरेका र नगरेका अन्तरराष्ट्रिय श्रम सङ्गठनका महासन्धीहरुको कार्यान्वयन प्रतिवेदन तथा कार्यान्वयनको प्रभाव अध्ययन विश्लेषणसम्बन्धी कार्य गर्ने गराउने।

**<u>अन्य/विविध</u>**

- असल श्रम औद्योगिक तथा श्रम सम्बन्धका लागि सामाजिक सम्वाद अभिवृद्धि गर्ने गराउने,

- न्यूनतम पारिश्रमिक निर्धारण, श्रम अडिट, श्रमिक आपूर्तिकर्ता लगायतका श्रम कानूनको परिपालनसम्बन्धी कार्य गर्ने गराउने,
- न्यूनतम पारिश्रमिक निर्धारणसम्बन्धी कार्य गर्ने गराउने,
- महाशाखासँग सम्बन्धित विषयमा सिर्जनात्मक (Creative) तथा नवीन (Innovative) कार्यहरुको अवधारणा तयारसम्बन्धी कार्य गर्ने गराउने,
- आफूले सम्पादन गरेका कामको व्यवस्थित अभिलेखीकरण गरी सरुवा भई जाँदा संस्थागत स्मरण (Institutional Memory) आउने पदाधिकारीलाई हस्तान्तरणसम्बन्धी कार्य गर्ने गराउने।

**१.२.८.१. श्रम सम्बन्ध शाखाको कार्यविवरण**

- श्रम तथा श्रम सम्बन्ध सम्बन्धी नीति एवम् कानून, गुरुयोजना, योजना तर्जुमा, संशोधन, कार्यान्वयन, अनुगमन तथा नियमनसम्बन्धी कार्य गर्ने,
- श्रमशक्ति र श्रम बजारसम्बन्धी तथ्याङ्क सङ्कलन, अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने,
- औद्योगिक विवाद समाधान र असल श्रम सम्बन्धसम्बन्धी कार्य गर्ने,
- विदेशी कामदारहरुका लागि श्रम इजाजत र स्वीकृतिसम्बन्धी नीतिगत विषयसम्बन्धी कार्य गर्ने,
- श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारणसम्बन्धी कार्य गर्ने,
- न्यूनतम पारिश्रमिक निर्धारण समितिको सचिवालयसम्बन्धी कार्य गर्ने,
- श्रम अडिटसम्बन्धी नीति तथा मापदण्डसम्बन्धी कार्य गर्ने,
- श्रमिक आपूर्तीकर्ता संस्थाको नियमनसम्बन्धी कार्य गर्ने,
- श्रमिक कल्याणसम्बन्धी कार्य गर्ने,
- त्रिपक्षीय सामाजिक सम्वादसम्बन्धी कार्य गर्ने,
- श्रमसम्बन्धी विषयमा सम्बन्धित प्रदेश तथा स्थानीय तहसँग गरिनुपर्ने समन्वयसम्बन्धी कार्य गर्ने,
- नेपालले अनुमोदन गरेका र नगरेका अन्तर्राष्ट्रिय श्रम सङ्गठनका महासन्धीहरुको कार्यान्वयन एवम् मूल्याङ्कनका लागि गरिनुपर्ने अन्तरमन्त्रालय समन्वयसम्बन्धी कार्य गर्ने,
- अन्तर्राष्ट्रिय श्रम सङ्गठनमा वार्षिक तथा आवधिक रुपमा प्रस्तुत गर्नुपर्ने प्रतिवेदन सम्बन्धी कार्य गर्ने,
- श्रमसँग सम्बन्धित अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूसँग समन्वय र सहजीकरण गर्ने,
- श्रमसँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) लगायत अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग आवश्यकतानुसार सम्पर्क, सहकार्य तथा समन्वय गर्ने,
- शाखासँग सम्बन्धित विषयमा वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा तयार गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन एवम् अनुगमन मूल्याङ्कनसम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित विषयमा नियमित रुपमा प्रगति प्रतिवेदन पेश गर्ने सम्बन्धी,
- शाखासँग सम्बन्धित विषयमा मन्त्रालय मातहतका र अन्य निकायहरुबीच सम्पर्क र समन्वयसम्बन्धी कार्य गर्ने,
- तोकिए बमोजिमका शाखासँग सम्बन्धित अन्य कार्यहरु गर्ने।

### १.२.८.२. बाध्यकारी श्रम निवारण तथा व्यावसायजन्य सुरक्षा शाखाको कार्यविवरण

- बाल श्रम तथा बाध्यकारी श्रम निवारण र व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी नीति, कानून, योजना तर्जुमा, कार्यान्वयन तथा नियमनसम्बन्धी कार्य गर्ने,
- बाल श्रम तथा बाध्यकारी श्रम निवारणसम्बन्धी अध्ययन, अनुसन्धान,तथ्याङ्क सङ्कलन, अद्यावधिक तथा विश्लेषणसम्बन्धी कार्य गर्ने,
- बाल श्रम तथा बाध्यकारी श्रम निवारण र व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी सेमिनार,तालिम, गोष्ठी आदि कार्यक्रमहरू सञ्चालन गर्ने,
- बाल श्रम तथा बाध्यकारी श्रम निवारण र व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी कार्यक्रम, निरीक्षण तथा अनुगमन गर्ने,
- बाल श्रम तथा बाध्यकारी श्रम निवारण र व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी जनचेतनामूलक प्रवर्द्धनात्मक कार्य गर्ने,
- बाल श्रम निवारणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO), आईपेक, जी.टी.जेड. तथा अन्य दातृ राष्ट्र तथा संघ संस्थाहरुसँग समन्वय गर्ने,
- व्यावसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी नीति, कानून, योजना तर्जुमा तथा नियमन गर्ने,
- व्यावसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी अध्ययन, अनुसन्धान, सेमिनार, गोष्ठी आदि गर्ने,
- प्रतिष्ठानमा कार्यरत कामदार कर्मचारीहरुको व्यावसायजन्य सुरक्षासम्बन्धी कार्य गर्ने,
- बाल श्रम निवारण समिति र बालबालिका विकास तथा पुर्नस्थापना कोष संचालक समितिसम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग आवश्यक सम्पर्क, समन्वय र सहकार्य गर्ने,
- कामदार मजदूरहरुको कार्यसंस्कृति र व्यवहार (Working Culture and Behaviors) सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरुको तर्जुमा तथा समन्वय गर्ने,
- विदेशबाट फर्केका कामदारको सीप परीक्षण गर्ने, सो सीपको उपयोगसम्बन्धी रणनीतिक योजना तयार गर्ने र समयसापेक्ष परिमार्जनको कार्य गर्ने,
- Alliance 8.7 को सचिवालयको रुपमा कार्य गर्ने,
- शाखासँग सम्बन्धित विषयको अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने।

### १.२.८.३ श्रमिक कल्याण तथा सामाजिक संरक्षण शाखाको कार्यविवरणः

- योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी नीति, कानून, कार्याविधि, निर्देशिका योजना तर्जुमाका कार्यान्वयन र अनुगमन मूल्याङ्कनसम्बन्धी कार्य गर्ने,
- योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको विस्तार र कार्यान्वयनका लागि गरिनुपर्ने सहजीकरणसम्बन्धी कार्य गर्ने,
- अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक एवम् स्वरोजगारलाई समेत योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन गरिनुपर्ने नीतिगत, कानूनी, संस्थागत र कार्यक्रमिक व्यवस्थासम्बन्धी कार्य गर्ने,
- सामाजिक सुरक्षा योजना कार्यान्वयनसँग सम्बन्धित विषयमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने तथा सोको वार्षिक एकिकृत प्रतिवेदन तयार गर्ने गराउने,
- योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरुलाई व्यापकता दिने एवम् प्रभावकारी कार्यान्वयन गर्नका लागि सञ्चालन गरिनुपर्ने प्रवर्द्धनात्मक तथा जनचेतनामूलक कार्य गर्ने,

- श्रमिक तथा श्रमिकका परिवारको लागि सामाजिक सुरक्षासँग सम्बन्धित नीतिगत तथा संस्थागत कार्यहरु गर्ने,
- योगदानमा आधारित सामाजिक सुरक्षा र ट्रेड युनियनसम्बन्धी अन्तर्राष्ट्रिय लक्ष्य एवम् प्रतिवद्धताको कार्यान्वयनको लागि सहकार्य गर्ने,
- ट्रेड यूनियनसम्बन्धी राष्ट्रिय नीति, कानून तर्जुमामा सहयोग पुऱ्याउने,
- श्रमिकको कर्तव्य, दायित्व, कार्यसंस्कृति र व्यवहारसम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरुको सञ्चालनका सम्बन्धमा आवश्यक समन्वय गर्ने,
- श्रमिकका बालबालिकाहरुका लागि दिवा स्याहार केन्द्र, शिक्षा तथा स्वास्थ्य सेवा आदिको प्रबन्ध गर्न व्यवस्थापकहरुलाई प्रोत्साहन गर्ने,
- प्रतिष्ठानमा कार्यरत श्रमिकहरुको बोनससम्बन्धी राष्ट्रिय नीति, कानून तर्जुमा, समन्वय र सहजीकरणसम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित विषयमा वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा तयार गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन एवम् अनुगमन मूल्याङ्कनसम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित विषयको अभिलेख व्यवस्थापनसहित नियमित प्रगति प्रतिवेदन पेश गर्ने,
- तोकिए बमोजिमका शाखासँग सम्बन्धित अन्य कार्यहरु गर्ने।

### १.२.९ आन्तरिक रोजगार व्यवस्थापन महाशाखाको कार्यविवरणः

- आन्तरिक रोजगार व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमनसम्बन्धी कार्य गर्ने गराउने,
- आन्तरिक रोजगारसम्बन्धी कानुनको तर्जुमा, संशोधन, विधेयक तथा अन्य मस्यौदा तयार गरी पेश गर्ने गराउने,
- बेरोजगारसम्बन्धी एकिकृत तथ्याङ्क व्यवस्थापन, बेरोजगार व्यक्तिको पहिचान र सूचीकरणको मापदण्ड तथा आधार निर्धारणसम्बन्धी कार्य गर्ने गराउने,
- श्रम बजारमा रोजगारी माग प्रक्षेपण तथा उपलब्ध जनशक्तिको विश्लेपण गरी माग र आपूर्तिबीचको अन्तर पुरा गर्न नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने गराउने,
- आन्तरिक रोजगारसम्बन्धी योजना, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन, विश्लेषण र प्रतिवेदन गर्ने गराउने,
- राष्ट्रिय श्रमशक्ति, श्रम बजार र आन्तरिक रोजगारीसम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, विश्लेषण लगायत सूचना विश्लेषणका कार्यहरु गर्ने गराउने,
- स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रको व्यवस्थापन तथा क्षमता विकास गर्ने गराउने,
- व्यावसायिक तथा सीप विकास तालिमसम्बन्धी राष्ट्रिय नीति, कानून तर्जुमा, रणनीति योजना, मापदण्ड विकाससम्बन्धी कार्य गर्ने गराउने,
- व्यावसायिक तथा सीप विकास तालिमसम्बन्धी पाठ्यक्रम तर्जुमा, परिमार्जन, सञ्चालन मापदण्ड निर्धारणसम्बन्धी कार्य गर्ने गराउने,
- रोजगारमूलक सेवा सुविधा विस्तार र रोजगार सहायता कार्यक्रमको तर्जुमा एवम् समन्वय गर्ने गराउने,

- आन्तरिक रोजगारी प्रवर्द्धनसम्बन्धी सरोकारवालासँग परामर्श तथा पृष्ठपोषणसम्बन्धी कार्य,
- आन्तरिक रोजगार प्रवर्द्धनको लागि रणनीतिक सञ्चारसम्बन्धी कार्य गर्ने गराउने,
- श्रमलाई सम्मान गर्ने संस्कृतिको विकास तथा श्रमिकको क्षमता विकाससम्बन्धी कार्य गर्ने गराउने,
- प्रधानमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन र सोको राष्ट्रिय कार्यक्रम निर्देशक भई कार्य गर्ने गराउने,
- आन्तरिक रोजगारी व्यवस्थापन तथा सामाजिक संरक्षण सम्बन्धमा विषयगत मन्त्रालय तथा निकाय, प्रदेश सरकार, स्थानीय तह, निजी, सहकारी तथा गैरसरकारी क्षेत्र र विकास साझेदारसँग समन्वय, साझेदारी र सहकार्य गर्ने गराउने,
- रोजगारसम्बन्धी सरकारी तथा गैर सरकारी क्षेत्रका राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग समन्वय गर्ने गराउने,
- आन्तरिक रोजगारसम्बन्धी सूचना प्रणाली विकास, सुधार, अद्यावधिक र विभिन्न निकायसँग अन्तर-आवद्धता कायम र व्यवस्थापन गर्ने गराउने,
- मन्त्रालय र मातहतका निकायको व्यवस्थापन सूचना प्रणाली र सूचना प्रविधि व्यवस्थापनमा संयोजन गर्ने गराउने।

### १.२.९.१ रोजगार समन्वय तथा सीप विकास शाखाको कार्यविवरण

- आन्तरिक रोजगारीसम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमनसम्बन्धी कार्य गर्ने,
- आन्तरिक रोजगारीसम्बन्धी योजना, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन, विश्लेषण र प्रतिवेदन गर्ने,
- आन्तरिक रोजगारी व्यवस्थापन सम्बन्धमा विषयगत मन्त्रालय तथा निकाय, प्रदेश सरकार, स्थानीय तह, निजी, सहकारी र गैरसरकारी क्षेत्रसँग आवश्यक समन्वय, साझेदारी र सहकार्य कायम गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका रोजगारसम्बन्धी प्रतिवेदन सङ्कलन, प्रकाशन तथा वितरणसम्बन्धी कार्य गर्ने,
- श्रमिकको कार्यसंस्कृति र व्यवहारसम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन र श्रमिकको क्षमता विकाससम्बन्धी कार्य गर्ने,
- रोजगारीका सम्भावित क्षेत्रहरुमा आवश्यक सीप तथा दक्षता पहिचान गरी दक्ष जनशक्ति उत्पादनका लागि नीतिगत तथा संस्थागत समन्वय गर्ने,
- पिछडिएको क्षेत्र, वर्ग तथा समुदाय लक्षित सीपमूलक तालिम नीति तर्जुमा,समन्वय तथा नियमन गर्ने,
- वैदेशिक रोजगारबाट फर्केका श्रमिकको सीप उपयोगसम्बन्धी रणनीतिक योजना तयार गर्ने,
- स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रको व्यवस्थापन, क्षमता विकास तथा सहजीकरण गर्ने,
- रोजगारमूलक सेवा प्रवर्द्धनका लागि रणनीतिक सञ्चार तथा श्रमको सम्मानसम्बन्धी कार्य र आम सञ्चार माध्यममार्फत् सूचना सम्प्रेषण गर्ने,
- शाखासँग सम्बन्धित कार्यमा आन्तरिक, अन्तर-मन्त्रालय र अन्तर-तह समन्वय र सहकार्य गर्ने,

- शाखासँग सम्बन्धित कार्यमा आन्तरिक र बाह्य श्रोत परिचालनमा समन्वय र सहकार्य गर्ने,
- शाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने।

### १.२.९.२ रोजगार कार्यक्रम व्यवस्थापन शाखाको कार्यविवरण

- न्यूनतम रोजगारी प्रत्याभूतिसम्बन्धी नीति, कानून, योजना तथा वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,
- रोजगार सेवा केन्द्रबाट प्रदान हुने रोजगारमूलक सेवा प्रवाहमा सहजीकरण गर्ने,
- रोजगार सहायता कार्यक्रमको तर्जुमा, कार्यान्वयन र समन्वय गर्ने,
- बेरोजगार निर्वाह भत्ता व्यवस्थापनसम्बन्धी कार्य गर्ने गराउने,
- न्यूनतम रोजगारीसम्बन्धी योजना, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन र विश्लेषण गर्ने,
- न्यूनतम रोजगारी कार्यक्रमको मासिक, चौमासिक, बार्षिक र आवधिक प्रगति सङ्कलन, समिक्षा तथा प्रगति प्रतिबेदन तयार गर्ने,
- न्यूनतम रोजगारीसम्बन्धी कार्यको अनुगमन तथा निरीक्षण गर्ने गराउने,
- न्यूनतम रोजगारीसम्बन्धी सेवा तथा सहायताको सूचना प्रवाह गर्ने,
- न्यूनतम रोजगारीलाई अन्य निकायबाट सञ्चालित सामाजिक संरक्षणका कार्यसँग समन्वय तथा सूचना प्रणालीमा अन्तर-आवद्धता कायम गर्ने,
- न्यूनतम रोजगारीसँग सम्बद्ध सूचना तथा तथ्याङ्कको विश्लेषण गरी नीति तर्जुमामा सहजीकरण गर्ने,
- न्यूनतम रोजगारसम्बन्धी सूचना तथा जानकारी आमसञ्चार माध्यम आदिद्वारा सम्प्रेषण गर्ने,
- शाखासँग सम्बन्धित कार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी, गैरसरकारी निकाय तथा संघ संस्थासँग समन्वय तथा सहजीकरण गर्ने,
- शाखासँग सम्बन्धित कार्यमा आन्तरिक, अन्तर-मन्त्रालय र अन्तर-तह समन्वय र सहकार्य गर्ने,
- शाखासँग सम्बन्धित कार्यमा आन्तरिक र वाह्य श्रोत परिचालनमा समन्वय गर्ने,
- शाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- महाशाखाको निर्देशन अनुसारका अन्य कार्यहरु गर्ने गराउने।


### १.२.९.३ सूचना प्रविधि तथा तथ्याङ्क शाखाको कार्यविवरण

- मन्त्रालयलाई सूचना प्रविधियुक्त बनाउन नीति, योजना, कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,
- मन्त्रालयको वेभसाईट र सरकारी इमेल व्यवस्थापन गर्ने, आन्तरिक रोजगारीको क्षेत्रमा कार्यरत राष्ट्रिय र अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरुको लगत राख्ने र आवश्यक समन्वय गर्ने,
- मन्त्रालयसँग सम्बन्धित सूचना तथा विवरण रोजगार व्यवस्थापन सूचना प्रणाली र श्रमिक सूचना बैङ्कमा राख्न समन्वय गर्ने,
- मन्त्रालयबाट प्रकाशित हुने मासिक/अर्धवार्षिक/ वार्षिक प्रतिवेदन तथा बुलेटिन, सूचना/जानकारी/ विज्ञप्ती लगायतका विवरण वेभसाइटमा अद्यावधिक गर्ने,

- वैदेशिक रोजगार सूचना प्रणाली, राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली तथा श्रमिक सूचना बैङ्क लगायत मन्त्रालयसँग सम्बन्धित अन्य सूचना प्रणालीहरुको सञ्चालन र व्यवस्थापन गर्ने,
- नेपाल सरकारका निकायहरुबाट सञ्चालन भएका आन्तरिक रोजगारसम्बन्धी सूचना प्रणालीबीच सूचना अन्तर-आबद्धताको व्यवस्था मिलाउने,
- मन्त्रलयको अधिकार क्षेत्रका विषयमा सूचना र तथ्याङ्क अध्यवधिक र प्रकाशन गर्ने,
- रोजगार व्यवस्थापन सूचना प्रणाली (Employment Management Information System-EMIS) र राष्ट्रीय रोजगार सूचना व्यावस्थापन सूचना प्रणाली (Natonal Employment Management Information System-NEMIS) को विकास, सञ्चालन, अन्तरआबद्धता, अद्यावधिक गर्ने,
- सूचना प्रविधिमैत्री श्रम प्रशासनको लागि सूचना प्रविधिमा सुधार परिमार्जनको क्षेत्र तयार गर्ने,
- मन्त्रालय र मातहतका निकायका सबै व्यवस्थापन सूचना प्रणालीहरु एकिकृत रुपमा सञ्चालन, अद्यावधिक, सुधार तथा सुरक्षाको प्रत्याभूतिसहित समन्वयात्मक कार्य गर्ने,
- विद्युतीय अभिलेख प्रणाली एकिकृत स्वरुपमा व्यवस्थापन र विद्युतीय सुरक्षा (Cyber-Security) सम्बन्धी कार्य गर्ने,
- आन्तरिक तथा वैदेशिक रोजगारी, श्रमशक्ति, श्रम बजार, माग एवम् आपूर्ति पक्ष र रोजगारीसम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क व्यवस्थापन लगायत सूचना विश्लेषणका कार्यहरु गर्ने,
- बेरोजगारसम्बन्धी एकिकृत तथ्याङ्क व्यवस्थापन, बेरोजगार व्यक्तिको पहिचान र सूचीकरणको मापदण्ड तथा आधार तर्जुमा गर्ने,
- आन्तरिक रोजगार कार्यक्रमको मासिक, चौमासिक, वार्षिक र आवधिक प्रगति सङ्कलन, समीक्षा तथा प्रगति प्रतिबेदन तयार गर्ने,
- रोजगारीसँग सम्बन्धित सूचना तथा विवरण रोजगार व्यवस्थापन सूचना प्रणाली र श्रमिक सूचना बैंकमा राख्न समन्वय गर्ने,
- मन्त्रालयसँग सम्बन्धित विषयमा डिजिटल अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- मन्त्रालयसँग सम्बन्धित सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउन मातहतका निकायसँगसमेत समन्वय तथा सहजीकरण गर्ने,
- सूचनाको हक र सूचना अधिकारीसम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको सूचना अद्यावधिक र वेभसाईट सञ्चालन गर्ने,
- सूचना प्रविधिसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,
- सूचना प्रविधिसम्बन्धी उपकरण व्यवस्था तथा मर्मत व्यवस्थापन गर्ने,
- शाखासँग सम्बन्धित कार्यमा आन्तरिक, अन्तर-मन्त्रालय र अन्तर-तह समन्वय र सहकार्य गर्ने।

## १.२.१० मन्त्रालयको सङ्गठन संरचना


### श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सङ्गठन संरचना



## श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पदपूर्तिको विद्यमान अवस्था

| क्र.सं. | मन्त्रालय र अन्तर्गतका निकाय | विद्यमान दरबन्दी | कैफियत |
|---|---|---|---|
| १ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ८२ | |
| २ | वैदेशिक रोजगार विभाग | ११० | |
| ३ | श्रम तथा व्यावसायजन्य सुरक्षा विभाग | ३२ | |
| ४ | वैदेशिक रोजगार बोर्डको सचिवालय | २४ | |
| ५ | राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैंसेपाटी | ० | अस्थायी दरबन्दी |
| ६ | व्यावसायिक प्रशिक्षण केन्द्र, ईटहरी | ० | |
| ७ | व्यावसायिक प्रशिक्षण केन्द्र, बुटवल | ० | |
| ८ | व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | १८ | |
| ९ | श्रम तथा रोजगार कार्यालय, धनगढी | १२ | |
| १० | श्रम तथा रोजगार कार्यालय, सुर्खेत | १२ | |
| ११ | श्रम तथा रोजगार कार्यालय, बुटवल | १६ | |
| १२ | श्रम तथा रोजगार कार्यालय, पोखरा | १६ | |
| १३ | श्रम तथा रोजगार कार्यालय, काठमाडौं | १३ | |
| १४ | श्रम तथा रोजगार कार्यालय, जनकपुर | १३ | |
| १५ | श्रम तथा रोजगार कार्यालय, विराटनगर | १२ | |
| १६ | श्रम तथा रोजगार कार्यालय, विरगञ्ज | ९ | |
| १७ | श्रम तथा रोजगार कार्यालय, हेटौंडा | ९ | |
| १८ | श्रम तथा रोजगार कार्यालय, नेपालगञ्ज | ९ | |
| १९ | श्रम तथा रोजगार कार्यालय, झापा | ८ | |
| | **जम्मा दरबन्दी** | **३९५** | |

### १.२.११ मन्त्रालय मातहतका अन्य निकायहरु



## १.३ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिकाहरुको विवरण

| | |
|---|---|
| **नेपालको संविधान** | |
| | धारा ३३- रोजगारीको हक |
| | धारा ३४- श्रमको हक |
| | धारा ४३- सामाजिक सुरक्षाको हक |
| **ऐनहरु** | |
| १. | रोजगारीको हकसम्बन्धी ऐन, २०७५ |
| २. | श्रम ऐन, २०७४ |
| ३. | योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ |
| ४. | वैदेशिक रोजगार ऐन, २०६४ |
| ५. | ट्रेड युनियन ऐन, २०४९ |
| ६. | बोनस ऐन, २०३० (पाँचौ संशोधन २०७४) |
| ७. | बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ |
| **नियमहरु** | |
| १. | रोजगारीको हकसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७५ |
| २. | वैदेशिक रोजगार (पाँचौ संशोधन) नियमावली, २०६४ |
| ३. | राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति नियमावली, २०८२ |
| ४. | योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ |
| ५. | श्रम नियमावली, २०७५ |
| ६. | वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ |
| ७. | ट्रेड युनियन (पहिलो संशोधन) नियमावली, २०७७ |
| १०. | बाल श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२ |
| ११. | बालबालिका (विकास तथा पुनर्स्थापना) कोष नियमावली, २०५३ |
| १२. | बोनस नियमावली, २०३९ |
| १३. | श्रम अदालत कार्यविधि नियमावली, २०५२ |
| **कार्यविधि र निर्देशिकाहरु** | |
| १. | वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि (सातौं संशोधन), २०७२ |
| २. | गणतन्त्र कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८० (तेस्रो संशोधन), २०८० |
| ३. | जापानमा निश्चित सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८० |
| ४. | वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुको स्वदेशमा शाखा कार्यालय सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ |
| ५. | गणतन्त्र कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८० |

| | |
|---|---|
| ६. | वैदेशिक रोजगार व्यवस्थापन सेवा प्रवाह कार्यविधि (दोस्रो संशोधन), २०८२ |
| ७. | कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८० |
| १०. | राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धी कार्यविधि, २०८० |
| ११. | श्रमाधान कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ |
| १२. | वैदेशिक रोजगार ठगीका उजुरीको मेलमिलाप तथा सिफारिस गर्ने सम्बन्धी कार्यविधि, २०८० |
| १३. | वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि तालिम सञ्चालन गर्ने संस्थाको लागि आवश्यक न्यूनतम मापदण्ड सम्बन्धी कार्यविधि, २०८० |
| १४. | कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८० |
| १५. | राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धी कार्यविधि, २०८० |
| १६. | श्रमाधान कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ |
| १७. | सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ |
| १८. | सूचना प्रविधिको प्रयोग सम्बन्धी तीन वर्षे कार्ययोजना, २०७७ |
| १९. | बालश्रममुक्त स्थानीय तह धोषणा कार्यविधि, २०७७ |
| २०. | संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधारित व्यावसायिक तथा सीप विकास तालिम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ |
| २१. | विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०७६ |
| २२. | कार्यस्थलमा आधारित एप्रेन्टिशिप तालिम कार्यविधि, २०७६ |
| २३. | अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ |
| २४. | कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन कार्यविधि), २०७६ |
| २५. | रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७५ |
| २६. | सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ |
| २७. | कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ |
| २८. | कोषको रकम बाणिज्य बैंकमा लागनी गर्ने सम्बन्धी कार्यविधि, २०७५ |
| २९. | रोजगारदाता र श्रमिकको सूचीकरणसम्बन्धी कार्यविधि, २०७५ |
| ३०. | वैदेशिक रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७४ |
| ३१. | वैदेशिक रोजगारको सिलसिलामा मृत्यू, अंगभंग, गम्भीर बिरामी भएका कामदारको परिवारको सदस्यलाई छात्रवृत्ति प्रदान कार्यविधि, २०७४ |
| ३२. | काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्तिसम्बन्धी कार्यविधि तथा मापदण्ड, २०७३ |
| ३३. | इजाजतपत्रवाला संस्था र अभिमुखीकरण तालिम प्रदायक संस्थाको अनुगमन सम्बन्धी कार्यविधि, २०७३ |
| ३४. | टेलिमेडिसिन सेवा सञ्चालन कार्यविधि (पहिलो संशोधन), २०७९ |

| | |
|---|---|
| ३५. | वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० |
| ३६. | वैदेशिक रोजगार बोर्डको सचिवालयबाट विदेशस्थित कूटनीतिक नियोगमागरिने निकासा र खर्च सम्वन्धी कार्यविधि, २०८० |
| ३७. | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको लागि पुनःएकिकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ |
| ३८. | वैदेशिक रोजगार कल्याणकारी सूचना व्यवस्थापन प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ |
| ३९. | आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ |
| ४०. | कोभिड-१९ को कारण अलपत्र परेका नेपालीको उद्धारसम्बन्धी निर्देशिका, २०७७ |
| ४१. | विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६ |
| ४२. | वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरुको कानूनी प्रतिरक्षासम्बन्धी निर्देशिका, २०७५ |
| ४३. | रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७५ |
| ४४. | बोर्डको कार्यसञ्चालन निर्देशिका, २०६८ |
| **विनियमहरु** | |
| १. | सामाजिक सुरक्षा कोष (कर्मचारी प्रशासन) विनियमावली, २०७५ |
| २. | सामाजिक सुरक्षा कोष आर्थिक प्रशासन विनियमावली, २०७६ |

# परिच्छेद दुई
# वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था

## २.१ आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित मन्त्रालयका बिषयहरु

१६७. श्रम बजारमा उपलब्ध जनशक्तिलाई दक्ष र प्रतिस्पर्धी बनाउँदै बजारको मागअनुसार उत्पादनशील रोजगारी प्रवर्द्धन गरिनेछ। रोजगार व्यवस्थापन र सीप विकासका लागि एकीकृत राष्ट्रिय रोजगार ढाँचा कार्यान्वयनमा ल्याइनेछ। सञ्चालनमा रहेका व्यावसायिक तथा सीप विकास तालिम केन्द्रलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप स्तरोन्नति गरिनेछ।

१६८. रोजगार तथा स्वरोजगारसँग सम्बन्धित प्रधानमन्त्री रोजगार, युवा स्वरोजगार कोष, सीप विकास तथा रोजगार प्रवर्द्धन लगायतका कार्यक्रमलाई एकीकृत गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। प्रदेशमा निजी क्षेत्रसमेतको सहकार्यमा बहुप्राविधिक शिक्षालय स्थापना गरिनेछ। वेरोजगारी र रोजगारीको अवसरको पूर्ण अभिलेखसहित रोजगारी खोज्ने र प्रदान गर्नेबीच सम्बन्ध सेतु स्थापित गर्न राष्ट्रिय सीप विकास तथा रोजगार प्राधिकरणको संस्थागत व्यवस्था मिलाइनेछ।

१६९. श्रम कूटनीतिलाई थप सक्रिय बनाउँदै विभिन्न मुलुकसँगको श्रम सम्झौताको पुनरावलोकन तथा थप गन्तव्य मुलुकसँग श्रम सम्झौता तथा समझदारी गरिनेछ।

१७०. वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन वैदेशिक रोजगारसम्बद्ध कानूनमा परिमार्जन गरिनेछ। वैदेशिक रोजगारीलाई थप सुरक्षित, मर्यादित, व्यवस्थित र उपलब्धिमूलक बनाउन श्रम गन्तव्यको स्थानान्तरण गर्ने नीति लिइनेछ। वैदेशिक रोजगारीमा जानुपूर्वको अभिमुखीकरण तालिमलाई क्रमशः निःशुल्क बनाइनेछ। सीपविना वैदेशिक रोजगारीमा जाने अवस्थाको अन्त्य गरिनेछ। उच्च दक्षता आवश्यक पर्ने तोकिएको वैदेशिक रोजगारीको क्षेत्रमा जाने श्रमिकको लागि प्रस्थानपूर्व फरक प्रकृतिको अभिमुखीकरण तालिम दिने व्यवस्था मिलाइनेछ।

१७१. वैदेशिक रोजगारलाई स्थानीय तहका रोजगार केन्द्रमार्फत समन्वय र सहजीकरण गरिनेछ। वैदेशिक रोजगारीमा जान चाहने नागरिकलाई निःशुल्क बैङ्क खाता खोल्न र सोही खातामार्फत विप्रेषण स्वदेशमा ल्याउन प्रोत्साहित गरिनेछ। वैदेशिक रोजगारबाट फर्केका नागरिकका सीप र व्यावसायिक दक्षताका आधारमा उद्यमशीलता विकास तथा रोजगारी सिर्जना गर्न प्रदेश तथा स्थानीय तह एवम् वैदेशिक रोजगार बोर्डसमेतको संलग्नतामा व्यवसाय सञ्चालन गर्न "रिटर्नी उद्यमशीलता कार्यक्रम" कार्यान्वयन गरिनेछ।

१७२. योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको दायरा विस्तार गरिनेछ। सरकारी तथा संगठित क्षेत्रमा कार्यरत अस्थायी, करार, ज्यालादारी कर्मचारीका साथै अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गरिनेछ। छरिएर रहेका सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत रूपमा व्यवस्थापन गरिनेछ। सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट सञ्चालित कार्यक्रमवीचको दोहोरोपन हटाउन आवश्यक नीतिगत तथा संस्थागत सुधार गरिनेछ।

१७३. श्रम निरीक्षणलाई प्रभावकारी बनाई सामाजिक संवादमार्फत असल औद्योगिक सम्बन्ध विकास गरिनेछ। सरकारी र निजी प्रतिष्ठानमा अनिवार्य श्रम अडिट गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ।

१७४. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई औपचारिकीकरण गर्न राष्ट्रिय रणनीति तर्जुमा गरिनेछ। महिला श्रमिकको समस्या सम्वोधन गर्न आवश्यक नीतिगत र संरचनागत व्यवस्था गरिनेछ। जोखिमपूर्ण श्रम क्षेत्रमा कार्यरत श्रमिकका लागि कार्यस्थल सुरक्षाको प्रबन्ध मिलाइनेछ।

## २.२. आ.व. २०८१/८२ को वार्षिक बजेट वक्तव्यमा उल्लेखित मन्त्रालयका विषयहरु

आर्थिक बर्ष २०८१/८२ को बजेट वकतव्यमा  श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको श्रम, रोजगार तथा सामाजिक सुरक्षा र संरक्षणसित सम्बन्धित देहाय बमोजिम समावेश भएको थियो।

१३२. श्रमिकलाई उचित र मर्यादित श्रम अभ्यास गर्ने हक सुनिश्चित गरिनेछ। श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाई स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गरिनेछ। सामाजिक सम्वाद मार्फत असल श्रम सम्बन्ध विकास गरिनेछ।

१३३. रोजगार बैंकको स्थापना गरी रोजगारीसम्बन्धी सूचनाको एकीकृत अभिलेख तयार गरिनेछ। श्रम बजारमा उपलब्ध रोजगारीको अवसर तथा जनशक्तिको माग र आपूर्तिलाई स्वचालित प्रणालीमा आवद्ध गरिनेछ। श्रम र रोजगारीसम्बन्धी सेवा प्रवाह र गुनासो सम्बोधनका लागि श्रमाधान कार्यक्रम सञ्चालन गरिनेछ।

१३४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा सूचीकृत बेरोजगारलाई सार्वजनिक निर्माण तथा मर्मत सम्भार आयोजनाका काममा सहभागी गराई करिब दुई लाख व्यक्तिलाई न्यूनतम सय दिनको रोजगारी प्रदान गरिनेछ। यस कार्यक्रमका लागि रु. ६ अर्व विनियोजन गरेको छु।

१३५. वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित गरिनेछ। वैदेशिक रोजगारीलाई थप व्यवस्थित गर्न कूटनीतिक नियोगलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ। गन्तव्य मुलुकमा अलेखवद्ध श्रमिकको दर्ता गर्ने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ।

१३६. आगामी आर्थिक वर्ष थप तीन प्रमुख गन्तव्य मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गरिनेछ। वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सीपयुक्त बनाइनेछ। वैदेशिक रोजगारीमा जानुपूर्व गरिने अभिमुखीकरण तालीमलाई क्रमशः निःशुल्क गर्ने व्यवस्था गरिनेछ।

१३७. वैदेशिक रोजगारीमा गएका श्रमिकका आश्रित परिवारलाई कल्याणकारी कोषवाट प्रदान हुने लाभको दायरा विस्तार गरिनेछ। यससम्बन्धी सेवा स्थानीय तहबाट प्रवाह हुने व्यवस्था मिलाइनेछ।

१३८. वैदेशिक रोजगारीबाट फर्किएका नागरिकको ज्ञान, सीप र पुँजी मार्फत उद्यमशीलता प्रवर्द्धन गर्न रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरी कम्तीमा एक लाख रिटर्नीलाई स्वरोजगार बनाइनेछ।

वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा विना धितो ऋण उपलब्ध गराइनेछ।

१३९. प्रशिक्षार्थीलाई आवासीय सुविधासहितको रोजगारमूलक व्यावसायिक सीप प्रदान गर्न तालीम प्रतिष्ठानलाई अन्तर्राष्ट्रियस्तरको बहुउद्देश्यीय तालीम केन्द्रको रूपमा विकास गरिनेछ। आगामी आर्थिक वर्ष प्रत्येक प्रदेशमा कम्तीमा एक हजार युवालाई सीपमूलक तालीम प्रदान गर्न रु. ४३ करोड विनियोजन गरेको छु।

१४०. एकीकृत सामाजिक सुरक्षाको अवधारणा अनुरुप सामाजिक सुरक्षा कोष र स्वास्थ्य बीमा कार्यक्रमबीच अन्तरआवद्धता कायम गरी कोषमा आवद्ध योगदानकर्ताको स्वास्थ्य बीमा सामाजिक सुरक्षाकोष मार्फत हुने व्यवस्था मिलाइनेछ।

१४१. योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको दायरा विस्तार गरी अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई क्रमशः सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै लगिनेछ।

१४२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका लागि रु. ८ अर्व १० करोड विनियोजन गरेको छु।

## २.३ आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था

आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएअनुसार श्रमको सम्मान र मर्यादित श्रमसहितको श्रमिकको हक अधिकार सुनिश्चितता, सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्रको समन्वय र सहकार्यमा काम र रोजगारीका अवसर सिर्जना, बेरोजगार व्यक्तिको न्यूनतम रोजगारी सुनिश्चितता, सार्वजनिक, निजी र सहकारी क्षेत्रमा उपलब्ध रोजगारीका अवसरसम्बन्धी एकिकृत सूचना प्रणालीको विकास गरी सीप तथा ई-डाइरेक्टरी तयारी, श्रम बजारको माग अनुसारको विशिष्टिकृत सीपयुक्त जनशक्ति उत्पादन, सीप विकास तालिमलाई रोजगारी र उद्यमशीलतासँग आवद्धता, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकीकरण गर्ने, श्रमशक्तिको योग्यता र रुचिअनुसारको सीप विकास, वित्तीय पहुँच एवम् सार्वजनिक र निजी क्षेत्रवाट कार्यस्थलमा आधारित तालिमको व्यवस्था, संघ, प्रदेश, स्थानीय तह एवम् निजी क्षेत्रसमेतको समन्वय र सहकार्यमा बाल श्रमिकको उद्दार, पुनर्स्थापना र पुनर्मिलन कार्यक्रम सञ्चालन, सबै सरकारी र निजी प्रतिष्ठानहरुमा श्रम अडिट तथा श्रम कानूनको परिपनलनासम्बन्धी अनुगमन तथा निरीक्षणा जस्ता कार्यक्रमहरू सञ्चालन भएका छन्।

## २.४ आ.व.२०८१/८२ वार्षिक बजेट तथा कार्यक्रम

आर्थिक वर्ष २०८१/८२ मा मन्त्रालय अन्तर्गत १२ वटा बजेट उपशिर्षकहरुमा विभिन्न कार्यक्रम तथा आयोजना सञ्चालन गरिएका छन्। आर्थिक वर्ष २०८१/८२ मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकायहरुमा विनियोजन भएको रकम रू. १ अर्ब ८६ करोड ३२ लाख ९८ हजारमध्ये रू. १ अर्ब १ करोड १३ लाख ६८ हजार खर्च भई कूल विनियोजित बजेटको ५४.२८ प्रतिशत खर्च भएको छ।

## खुद वार्षिक बजेट र खर्च
## (मन्त्रालय र अन्तर्गत निकाय)

**वार्षिक विनियोजन**

**(रू हजारमा)**

चालु: १५२८८०९.१०

पुँजीगत: ३३४४८९

कल: १८६३२९८.१०

**कूल खर्च (रू हजारमा)**

चालु: ९५६९४१

पुँजीगत: ५४४२५

कूल: १०११३६८

**खर्च प्रतिशत (%)**

चालु: ६२.५९%

पुँजीगत: १६.२७%

जम्मा खर्च: ५४.२८%

## २.५ क) आ.व.२०८१/८२ मा मन्त्रालय र मातहतका संघीय निकायहरुमा वित्तीय प्रगतिको अवस्था

| क्र.सं. | बजेट उपशीर्षक | वार्षिक विनियोजित बजेट (रू हजारमा) | | | वार्षिक खर्च (रू हजारमा) | | | वार्षिक खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालू | पुँजीगत | जम्मा | चालू | पुँजीगत | जम्मा | चालू | पुँजीगत | जम्मा |
| १ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १६८१२०.१० | ४३३० | १७२४५०.१० | १११३२० | ३३१२ | ११४६३२ | ६६.२१ | ७६.४९ | ६६.४७ |
| २ | वैदेशिक रोजगार न्यायाधिकरण | २६७६१ | ६१८ | २७३७९ | २५५०१ | ५०६ | २६००८ | ९५.२९ | ८१.९५ | ९४.९९ |
| ३ | रोजगार प्रवर्द्धन कार्यक्रम (SaMi) | ३३३६०७ | २१३१४ | ३५४९२१ | १८३७३८ | ११७६५ | १९५५०३ | ५५.०८ | ५५.२ | ५५.०८ |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP) | ४२७९० | १००० | ४३७९० | २५७२३ | ७०५ | २६४२८ | ६०.११ | ७०.५४ | ६०.३५ |
| ५ | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना (YETI) | ९३८०० | ९८५०० | १९२३०० | २८०८९ | ११९१ | २९२७९ | २९.९५ | १.२१ | १५.२३ |
| ६ | बैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरुका लागि पुन एकिकरण परियोजना पहिलो चरण (ReMi) | १४१२६० | १८०० | १४३०६० | ९६८३१ | १४५४ | ९८२८५ | ६८.५५ | ८०.८ | ६८.७ |
| ७ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ४४२१० | ६३७४ | ५०५८४ | ३४७८८ | ५७८३ | ४०५७१ | ७८.६९ | ९०.७३ | ८०.२ |
| ८ | श्रम तथा रोजगार कार्यालयहरु | १४१८७० | ५०६८२ | १९२५५२ | १२२७३४ | २४०४० | १४६७७५ | ८६.५१ | ४७.४३ | ७६.२३ |
| ९ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | २४८०४ | ११४० | २५९४४ | १७९०९ | १०४८ | १८९५७ | ७२.२ | ९१.९१ | ७३.०७ |
| १० | वैदेशिक रोजगार विभाग | १९९३११ | ३०३१ | २०२३४२ | १३५३८७ | २५२६ | १३७९१४ | ६७.९३ | ८३.३५ | ६८.१६ |
| ११ | राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान | २८९३९६ | १४५७०० | ४३५०९६ | १५३२३७ | २०९५ | १५५३३२ | ५२.९५ | १.४४ | ३५.७ |
| १२ | वैदेशिक रोजगार बोर्डको सचिवालय | २२८८० | ० | २२८८० | २१६८४ | ० | २१६८४ | ९४.७७ | | ९४.७७ |
| | कूल जम्मा | १५२८८०९.१० | ३३४४८९ | १८६३२९८.१० | ९५६९४१ | ५४४२५ | १०११३६८ | ६२.५९ | १६.२७ | ५४.२८ |

## ख) आ.व.२०८१/८२ मा मन्त्रालय र मातहतका संघीय निकायहरुको वार्षिक लक्ष्यअनुसारको प्रगति अवस्था

| कार्यक्रम | वार्षिक लक्ष्यअनुसार प्रगति |
|---|---|
| श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ६६.४७% |
| वैदेशिक रोजगार न्यायाधिकरण | ९४.९९% |
| रोजगार प्रवर्द्धन कार्यक्रम | ५५.०८% |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ६०.३५% |
| युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना | १५.२३% |
| वैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरुका लागि पुनः एकिकरण परियोजना | ६८.७०% |
| श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ८०.२०% |
| श्रम तथा रोजगार कार्यालयहरु | ७६.२३% |
| व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | ७३.०७% |
| वैदेशिक रोजगार विभाग | ६८.१६% |
| राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान | ३५.७०% |
| वैदेशिक रोजगार बोर्डको सचिवालय | ९४.७७% |

## २.६ श्रम तथा रोजगार क्षेत्रका मुख्य सूचकहरुको अवस्था

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतका मुख्य-मुख्य सूचकहरु र त्यसैअनुसारको प्रगति विवरण:**

| क्र.सं. | सूचक | इकाई | वार्षिक लक्ष्य | कुल उपलब्धि |
|---|---|---|---|---|
| १ | आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र स्थापना र व्यवस्थापन | जिल्ला संख्या | ३५ | ७६ |
| २ | सूचीकृत बेरोजगारमध्ये रोजगार सहायता कार्यक्रमबाट रोजगार पाउने व्यक्ति | संख्या (हजारमा) | ६० | ५४.५८७ |
| ३ | श्रम सम्झौता भएका गन्तव्य मुलुक | संख्या | ३ | १२ |
| ४ | पुनः एकीकरण कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या | संख्या (हजारमा) | १ | ५ |
| ५ | वैदेशिक रोजगारमा जाने सीपयुक्त व्यक्तिको संख्या | प्रतिशत | ८० | ७०.६२५ |
| ६ | छोटो अवधिको रोजगार उन्मुख व्यावसायिक सीपमूलक तालिम लिनेको संख्या | संख्या (हजारमा) | ३० | २४.०८४ |
| ७ | सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाताको संख्या | संख्या (हजारमा) | १०.७९६ | २०.९७६ |
| ८ | सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको संख्या | संख्या (हजारमा) | १०१२ | २३८०.१८० |
| ९ | पुँजीगत खर्च | प्रतिशत | १०० | १६.२७ |
| १० | कुल बेरुजुमा फछ्यौंटको अनुपात | प्रतिशत | १०० | ९२ |
| ११ | गुनासो फछ्यौंट | प्रतिशत | १०० | ७० |

## २.७ १६औं योजनाको नतिजा खाका बमोजिम आ.व. २०८१/८२ को प्रगति स्थिति


| १६औं योजनाको नतिजा खाका बमोजिम आ.व. २०८१/८२ को प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष/ २०७९/८० | वार्षिक लक्ष्य २०८१/८२ | वार्षिक प्रगति २०८१/८२ |
| १ | श्रम अडिट गर्ने प्रतिष्ठानको संख्या (वार्षिक) | हजारमा | ३.४ | ५००० | ४.२७४ |
| २ | वैदेशिक रोजगारीमा जाने सीपयुक्त जनसंख्या | प्रतिशत | ७३.७३ | १०० | ७०.६२५ |
| ३ | छोटो अवधिको रोजगारोन्मुख व्यावसायिक सीपमूलक तालिम लिने जनसंख्या | हजारमा | १९.६ | ३० | २४.०८४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सामाजिक सुरक्षा कोषमा आबद्ध प्रतिष्ठान तथा रोजगारदाताको संख्या | हजारमा | १८ | १० | २३८०.१८० |
| ५ | सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको संख्या | हजारमा | ६५० | १००० | २०.९७६ |
| ६ | आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र स्थापना र व्यवस्थापन | हजारमा | ४२ | ३५ | ७६ |
| ७ | सूचीकृत बेरोजगारमध्ये रोजगार सहायता कार्यक्रमबाट रोजगारी पाउने व्यक्ति (बार्षिक) | हजारमा | ९१.६ | ६० | ५४.५८७ |
| ८ | श्रम सम्झौता भएका गन्तव्य मुलुक | संख्या | १० | ३ | १२ |
| ९ | पुन: एकीकरण कार्यक्रमबाट लाभान्वित हुने व्यक्तिको संख्या (वार्षिक) | हजारमा | - | १ | ५ |

## २.८ वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना (माईलस्टोन) स्थिति

आ.व. २०८१/८२ को वार्षिक निति, वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना कार्यान्वयनका लागि कुल ४१ वटा माइलस्टोनहरुको निर्धारण गरिएको थियो। निर्धारित माईलस्टोन मध्ये १९ वटा माईलस्टोनहरु पूर्णरुपमा सम्पन्न भएको, २० वटा माईलस्टोनहरु काम भइरहेको र २ वटा माईलस्टोनको काम शुरु नभएको आधारमा माईलस्टोनको समग्र प्रगति अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ:

**माइलस्टोन प्रगतिको वृत्त चित्रमा विश्लेषण**



## २.९ वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजनाको प्रगति विवरण

| चालु आ.व.२०८१/८२ को माइलस्टोनहरुको प्रगति विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलाप | क्र.सं. | माइल्स्टोन | प्रगतिको अवस्था | प्रगति विवरण |
| १ | कानून संशोधन। | १ | श्रम ऐन, २०७४ संशोधनका लागि म.प.मा पेश गर्ने। | सम्पन्न | सुशासन प्रवर्द्धन तथा सार्वजिनक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेशमार्फत् श्रम ऐन, २०७४ मा पनि संशोधन भई कार्य सम्पन्न भएको। |
| २ | आन्तरिक रोजगारी प्रवर्द्धन अभियान कार्यक्रम सञ्चालन। | २ | प्रदेशस्तरमा आन्तरिक रोजगार प्रवर्द्धन सम्बन्धमा श्रमाधान रोजगार मेला आयोजना गर्ने। | सम्पन्न | राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन मिति २६-२७ गते काठमाडौंमा सम्पन्न भएको। सम्मेलनले १६ बुँदे काठमाडौं घोषणापत्र जारी गर्नुको साथै आन्तरिक रोजगारी दशक घोषणा गरिएको छ। (सातवटै प्रदेश र स्थानीय तह समेतको सहभागितामा रोजगार सम्मेलन सम्पन्न भएको। |
| ३ | श्रम आप्रवासन नीति तर्जुमा। | ३ | श्रम आप्रवासन नीति स्वीकृतिका लागि सोको मस्यौदा म.प.मा पेश गर्ने। | सम्पन्न | नेपाल सरकार मन्त्रिपरिषद्मा मिति २०८२/०२/२२ गते स्वीकृतिका लागि पेश भएको। |
| ४ | वैदेशिक रोजगारबाट फर्की नेपालमा उद्यम गरेका उद्यमीहरुको लागि राष्ट्रिय पुरस्कार। | ४ | पुरस्कार वितरण गर्ने। | सम्पन्न | प्रदेशगत रुपमा उत्कृष्ठ उद्यमी पुरस्कार र एक सर्वोत्कृष्ठ उद्यमी पुरस्कार वितरण गरिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | श्रम कानूनको परिपालना (मर्यादित श्रम, न्यूनतम पारिश्रमिक, व्यसायजन्य सुरक्षा बालश्रम समेत) को लागि प्रतिष्ठान निरीक्षण र श्रम अडिट प्रतिवेदन सङ्कलन। | ५ | एकिकृत निरीक्षण ढाँचा अनुसार प्रतिष्ठानको श्रम निरीक्षण गर्ने। | सम्पन्न | एकिकृत निरीक्षण ढाँचा अनुसार प्रतिष्ठानको श्रम निरीक्षण ३७६२ भएको छ। |
| | | ६ | बाल श्रम निरीक्षण प्रतिवेदन प्राप्त गर्ने। | सम्पन्न | बाल श्रम निरीक्षण प्रतिवेदन ३७१७ वटा प्राप्त भएको। |
| ७ | नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०२४ तयारी तथा प्रकाशन। | ७ | प्रतिवेदन तयार गरी प्रकाशन गर्ने। | सम्पन्न | ILO र IOM को सहजीकरणमा कार्य भैरहेको तथा अन्तिम प्रस्ताव तयार भई प्रकाशनको चरणमा रहेको। |
| ८ | कार्यस्थल सुरक्षा बीमा। | ८ | सेवा प्रदायकसँग बीमा सम्झौता गर्ने। | सम्पन्न | स्थानीय तहमा सूचीकृत बेरोजगारको सुचीबाट खटिने श्रमिकहरुको सामुहिक दुर्घटना बीमा प्र.म.रो.का. र राष्ट्रिय बीमा कम्पनीबीच मिति २०८१।०५।२५ गते सम्झौता सम्पन्न भएको। |
| ९ | व्यावसायिक तथा सीपमूलक तालिमको नयाँ पाठ्यक्रम निर्माण र भईरहेका पाठ्यक्रमको परिमार्जन। | ९ | समितिको बैठक बसी पाठ्यक्रमको विषय छनौट गर्ने। | सम्पन्न | समितिबाट व्यावसायिक तथा सीपमूलक तालिमको लागि १५ वटा पाठ्यक्रम निर्माण र परिमार्जनको विषय छनौट भएको। |
| | | १० | विषयगत कार्यदल गठन र विज्ञ छनौट गर्ने। | सम्पन्न | रोजगारदाताको संघ/महासंघको नेतृत्वमा पाठ्यक्रम प्राविधक उप-समितिको गठन भई पाठ्यक्रमको DACUM विधिबाट निर्माण कार्य सम्पन्न भएको। |
| | | ११ | मस्यौदा लेखन र मस्यौदामा छलफल र सिफारिस गर्ने। | सम्पन्न | पाठ्यक्रम लेखन प्राविधिक उप-समितिको गठन भई १५ वटा पाठ्यक्रम र सामी तर्फको ४ वटा पाठ्यक्रम स्वीकृत भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | वैदेशिक रोजगारीमा रहेका र फर्किएका व्यक्तिहरुका लागि मनोसामाजिक परामर्श (व्यक्तिगत)। | १२ | मनोसामाजिक परामर्श (व्यक्तिगत) उपलब्ध गराउने। | सम्पन्न | वैदेशिक रोजगारीमा रहेका र स्वदेश फर्किएका व्यक्तिहरुका लागि मनोसामाजिक परामर्श सेवा ४९७६ जनालाई प्रवाह गरिएको। |
| ११ | वैदेशिक रोजगारीमा रहेका व्यक्तिको परिवारका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन। | १३ | वित्तीय साक्षरता गराउने। | सम्पन्न | वैदेशिक रोजगारीमा रहेका र स्वदेश फर्किएका व्यक्तिहरुका लागि वित्तीय साक्षरता (विभिन्न मोडुलमा आधारित) ७१९१९ जनालाई प्रवाह गरिएको। |
| १२ | वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति एवम् परिवारका सदस्यहरुलाई उद्यमशीलता विकास गर्न रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन। | १४ | तालिम प्रदायक संस्थासँग सम्झौता गरी तालिम सञ्चालन गर्ने। | सम्पन्न | १८७८४ जनालाई रोजगारीबाट फर्केका व्यक्ति एवम् परिवारका सदस्यहरुलाई उद्यमशीलता विकास गर्न रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरिएको सो बापत ३ करोड ४१ लाख ५० हजार ४ सय रुपैयाँ खर्च भएको। |
| १३ | प्रत्येक प्रदेशमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य क्षेत्रमा उत्कृष्ट अभ्यास गर्ने प्रतिष्ठानहरुलाई सम्मान कार्यक्रम। | १५ | सम्मान कार्यक्रम सञ्चालन गर्ने। | सम्पन्न | सम्मान गर्ने प्रतिष्ठानहरुको छनौट कार्य सम्पन्न भएको सम्मान गर्ने कार्य साउनको दोस्रो साता हुने। |
| १४ | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनाको अन्तिम मूल्याङ्कन (Endline | १६ | सेवा प्रदायक छनौट र सम्झौता गर्ने। | सम्पन्न | सेवा प्रदायक छनौट र सम्झौता भएको। |
| | | १७ | प्रतिवेदन प्राप्त गर्ने। | सम्पन्न | परामर्शदाता संस्थाबाट अन्तिम प्रतिवेदन प्राप्त भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | Assessement) । | | | | |
| १५ | श्रमाधान कल सेन्टर सञ्चालन तथा व्यवस्थापन। | १८ | श्रमाधान कल सेन्टरको सूचना आह्वान गर्ने। | सम्पन्न | श्रमाधान कल सेन्टरको सूचना आह्वान र सम्झौता समेत भई कार्यान्वयन भईरहेको। |
| | | १९ | श्रमाधान कल सेन्टरको सम्झौता र कार्यान्वयन गर्ने। | सम्पन्न | कल सेन्टरको सम्झौता भई कार्यान्वयन भइरहेको। |
| १६ | कानून संशोधन। | २० | वैदेशिक रोजगार ऐन, २०६४ संशोधनका लागि म.प.मा पेश गर्ने। | आंशिक सम्पन्न | वैदेशिक रोजगार ऐन, २०६४ को संशोधनको लागि सरोकारवालाहरुबाट सुझाव सङ्कलन भई अर्थ र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा रायका लागि पठाउने प्रक्रियामा रहेको। |
| १७ | आन्तरिक रोजगारी प्रवर्द्धन अभियान कार्यक्रम सञ्चालन। | २१ | आन्तरिक रोजगार प्रवर्द्धन अभियान सञ्चालन रणनीति स्वीकृत गर्ने। | आंशिक सम्पन्न | रणनीति योजना तर्जुमाका लागि समिति गठन भई मस्यौदा तयारीको काम भईरहेको। |
| १८ | सूचीकृत बेरोजगारलाई न्यूनतम रोजगारी प्रदान। | २२ | ५४,५८७ जना सूचीकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारी सिर्जना भएको। | आंशिक सम्पन्न | सूचीकृत बेरोजगारलाई न्यूनतम रोजगारी उपलव्ध गराउने। |
| १९ | व्यावसायिक तथा सीपमूलक तालिमको नयाँ पाठ्यक्रम निर्माण र भईरहेका पाठ्यक्रमको परिमार्जन। | २३ | पाठ्यक्रम स्वीकृत गर्ने। | आंशिक सम्पन्न | १९ वटा विषयको पाठ्यक्रम समितिबाट स्वीकृति भएको। |
| २० | सूचीकृत बेरोजगारलाई कार्यस्थलमा आधारित सीप विकास तालिम प्रदान। | २४ | कार्यस्थलमा आधारित सीप विकास तालिम सञ्चालन गर्ने। | आंशिक सम्पन्न | ४५७ स्थानीय तहलाई तालिम सञ्चालनका लागि बजेट विनियोजन गरिएकोमा ३८४ स्थानीय तहले तालिम सञ्चालनको लागि वा खरिद गर्न सूचना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रकाशन गरेकोमा ३७२ स्थानीय तहले तालिम सञ्चालन गरी १२४४३ जनाले तालिम प्राप्त गरेका। |
| २१ | द्विपक्षीय श्रम सम्झौताबमोजिम संयुक्त कार्यसमितिको बैठक आयोजना एवम् सहभागिता। | २५ | कार्यसमितिका बैठकहरु आयोजना एवम् सहभागिता गर्ने। | आंशिक सम्पन्न | नेपाल र ओमान सरकारबीच प्रस्तावित श्रम सम्झौताको लागि २०८१।०४।१९ गते वार्ता तथा संवाद सञ्चालन। नेपाल सरकार र युएईबीच हुने घरेलु कामदार सम्बन्धी पाईलट प्रोजेक्ट उपर रायका लागि परराष्ट्र मन्त्रालयमा पत्राचार। नेपाल सरकार र साउदी अरेबिया सरकारबीच हुने श्रम सम्झौताको अन्तिम मस्यौदा तयार। |
| २२ | FEIMS System (नयाँ हार्डवेयर र सफ्टवेयर) निर्माण। | २६ | खरिदसम्बन्धी सूचना प्रकाशन गर्ने। | आंशिक सम्पन्न | खरिद प्रक्रिया अगाडि बढाउने क्रममा लागत अनुमान र TOR को तयारी गरिएको। |
| | | २७ | बोलपत्र मूल्याङ्कन, खरिद सम्झौता र कार्यदेश दिने। | आंशिक सम्पन्न | खरिद प्रक्रिया अगाडि बढाउने क्रममा लागत अनुमान र TOR को तयारी गरिएको। |
| | | २८ | सफ्टवेयर निर्माण सम्पन्न र सञ्चालन गर्ने। | आंशिक सम्पन्न | खरिद प्रक्रिया अगाडि बढाउने क्रममा लागत अनुमान र TOR को तयारी भएको। |
| २३ | श्रम कानूनको परिपालना (मर्यादित श्रम, न्यूनतम पारिश्रमिक, व्यसायजन्य सुरक्षा बालश्रम समेत) को लागि प्रतिष्ठान निरीक्षण र श्रम अडिट प्रतिवेदन सङ्कलन। | २९ | प्रतिष्ठानहरुको श्रम अडिट प्रतिवेदन सङ्कलन गर्ने। | आंशिक सम्पन्न | प्रतिष्ठानहरुको श्रम अडिट प्रतिवेदन ४२७४ वटा प्राप्त भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | सीप अभिबृद्धि तालिम सञ्चालन (Advance Training)-३ प्रकार। | ३० | सीप अभिबृद्धि तालिम सञ्चालन गर्ने। | आंशिक सम्पन्न | टेलरिङ्ग र इलेक्ट्रियन विषयमा ३६ जनाद्वारा एड्भान्स तालिम सम्पन्न। तीन प्रकारको सीप अभिवृद्धि तालिम (४२० जनाको) CTEVT अन्तर्गतका तालिम केन्द्रहरुसंग सम्झौता भई तालिम सम्पन्न। |
| २५ | आधारभूत सीपमूलक तालिम सञ्चालन (Basic Training)-१३ प्रकार। | ३१ | आधारभूत सीपमूलक तालिम सञ्चालन गर्ने। | आंशिक सम्पन्न | १३ प्रकारको तालिम १९८० जनाको लागि तालिम प्रदायक संस्था मार्फत तालिम सम्पन्न भएको। |
| २६ | आधारभूत सीपमूलक तालिम सञ्चालन (Basic Training)-२१ प्रकार। | ३२ | आधारभूत सीपमूलक तालिम सञ्चालन गर्ने। | आंशिक सम्पन्न | तालिम प्रदायक संस्था मार्फत २३ वटा विषयको २४१४ जनाको तालिम सम्पन्न। |
| २७ | आधारभूत सीपमूलक तालिम (Basic Training)-१५ प्रकार। | ३३ | आधारभूत सीपमूलक तालिम सञ्चालन गर्ने। | आंशिक सम्पन्न | केन्द्रबाट ५ प्रकारको २६० जनाको लागि तालिम सम्पन्न भएको। |
| २८ | कार्यस्थलमा आधारित सीपमूलक तालिम सञ्चालन। | ३४ | कार्यस्थलमा आधारित सीपमूलक तालिम सञ्चालन गर्ने। | आंशिक सम्पन्न | कार्यस्थलमा आधारित सीपमूलक तालिम सम्बन्धी कार्यविधिको मस्यौदा स्वीकृतिको लागि मन्त्रालयमा पेश गरिएको। |
| २९ | प्रतिष्ठानबाट सञ्चालन गरिने आन्तरिक तालिम सञ्चालन। | ३५ | तालिम सञ्चालन गर्ने। | आंशिक सम्पन्न | ५ प्रकारको १० समूहमा १९० जनाको आधारभूत तालिम सम्पन्न भएको र २४९ जनाको सीप परीक्षण सम्पन्न भएको। |
| ३० | वैदेशिक रोजगारसम्बन्धी सूचना तथा परामर्श (आप्रवासी स्रोत | ३६ | सूचना तथा परामर्श (आप्रवासी स्रोत | आंशिक | वैदेशिक रोजगारीसँग सम्बन्धित सूचना तथा परामर्श सेवा ४,३३,३७८ जनालाई प्रदान |

| | | | | | |
|---|---|---|---|---|---|
| | केन्द्र/उपकेन्द्र) प्रदान। | | केन्द्र/उपकेन्द्र) प्रदान गर्ने। | सम्पन्न | गरिएको। |
| ३१ | वैदेशिक रोजगारीमा गएका कामदारका सन्ततिहरुलाई विद्यालयस्तरमा छात्रवृत्ति प्रदान। | ३७ | छात्रवृत्ति प्रदान गर्ने। | आंशिक सम्पन्न | आ.व. २०८१।८२ मा प्राप्त ३,२४७ जना छात्र/छात्रालाई रु ४ करोड २३ लाख ३४ हजार रुपैयाँ र आ.व. २०८०।८१ मा छुट भएका ७४३ जनालाई रु ८८ लाख ७८ हजार ४ सय गरी कुल ५ करोड १२ लाख १२ हजार ४ सय रुपैयाँ उपलब्ध गराईएको। |
| ३२ | योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको दायरा विस्तार। | ३८ | थप रोजगारदाता सूचीकरण गर्ने। | आंशिक सम्पन्न | थप रोजगारदाता सूचीकरण २०,९७६ जना भएको। |
| | | ३९ | थप योगदानकर्ता सूचीकरण गर्ने। | आंशिक सम्पन्न | थप योगदानकर्ता सूचीकरण गर्ने संख्या २३,८०,१८० जना पुगेको। |
| ३३ | श्रमाधान कल सेन्टर सञ्चालन तथा व्यवस्थापन | ४० | श्रमाधान APP निर्माणको सूचना प्रकाशन गर्ने। | काम नभएको | श्रमाधान APP निर्माणको सूचना प्रकाशन नभएको। |
| | | ४१ | श्रमाधान APP निर्माण र सञ्चालन गर्ने। | काम नभएको | कार्यान्वयन नभएको। |

## २.१० राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को बैठकका मुख्य-मुख्य निर्णयहरुको कार्यान्वयन अवस्था

| राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को बैठकबाट भएका निर्णय | | निर्णयको प्रगति स्थिति |
|---|---|---|
| ५३औं बैठकको निर्णय नं. ९ | चालू १६औं योजना कार्यान्वयन गर्न विषयक्षेत्रगत अन्तरआवद्धता एवम् अग्र तथा पृष्ठ सम्बन्ध कायम हुने गरी कार्यक्रम/परियोजनाबीच रहने संयुक्त सकारात्मक प्रभाव (Synergy) वा एक-आपसमा सिर्जना हुन सक्ने सम्भावित विरोधाभाष (Trade-off) पहिचान गरी राष्ट्रिय योजना आयोगको समन्वयमा सम्बन्धित मन्त्रालय तथा निकायहरुले तीन महिनाभित्र विषय क्षेत्रगत कार्यान्वयन योजना तर्जुमा गर्ने। | विषयक्षेत्रगत अन्तरआवद्धता एवम् अग्र तथा पृष्ठ सम्बन्ध कायम हुने गरी कार्यक्रम/परियोजनाबीच रहने संयुक्त सकारात्मक प्रभाव (Synergy) वा एक-आपसमा सिर्जना हुन सक्ने सम्भावित विरोधाभाष (Trade-off) पहिचान गरी कार्यान्वयन योजना तर्जुमाका लागि आवश्यक गृहकार्य भैरहेको। |
| ५३औं बैठकको निर्णय नं. १० | मन्त्रालय वा निकायहरुले योजनाको प्राथमिकीकरणसहित आयोजना बैङ्कमा योजनाहरु प्रविष्ट गर्ने, आवधिक योजना र आयोजना बैंङ्कसँग मेल हुने गरी मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने विषयलाई मौजुदा मापदण्ड, समय, शर्त तथा प्रक्रिया अनुसार यस वर्षदेखि सबै मन्त्रालय वा निकायले पूर्णरुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने। | मन्त्रालयले योजनाको प्राथमिकीकरणसहित आयोजना बैङ्कमा योजनाहरु प्रविष्ट गर्ने, आवधिक योजना र आयोजना बैंङ्कसँग मेल हुने गरी मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने विषयलाई मौजुदा मापदण्ड, समय, शर्त तथा प्रक्रिया अनुसार पूर्णरुपमा कार्यान्वयनका लागि समन्वयात्मक रुपमा नियमित कार्य भैरहेको। |
| ५४औं बैठकको निर्णय नं. ५ | अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा हुने स्तरोन्नति सम्बन्धी विद्यमान समितिहरुलाई राष्ट्रिय योजना आयोग, सम्बन्धित मन्त्रालय/निकाय र प्रदेशहरुले क्रियाशील बनाउने तथा सम्पर्क बिन्दु तोकी छुट्टै एकाई स्थापना गर्ने। साथै, स्तरोन्नति सम्बन्धी विषयलाई सम्बन्धित मन्त्रालय/निकाय, प्रदेश र स्थानीय तहले आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी त्रैमासिक रुपमा प्रगति समीक्षा गर्ने र सोको प्रतिवेदन आयोगसमक्ष पेश गर्ने। | |

| | | |
|---|---|---|
| ५४औं बैठकको निर्णय नं. १० | वैदेशिक रोजगारमा जाने नेपाली श्रमिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने सम्बन्धमा राष्ट्रिय योजना आयोगका सदस्य (श्रम तथा रोजगार हेर्ने) को संयोजकत्वमा सरोकारवाला मन्त्रालय/निकायको समन्वयमा अध्ययन गरी २ महिनाभित्र प्रतिवेदन पेश गर्ने र उक्त प्रतिवेदनको आधारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्रिपरिषद्मा सो सम्बन्धी प्रस्ताव पेश गर्ने। | |

# परिच्छेद तीन

# आर्थिक वर्ष २०८१/८२ का प्रमुख उपलब्धिहरु

सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्गतका निकायमार्फत् वार्षिक कार्यक्रम सञ्चालन गरी देहाय बमोजिमका उपलब्धिहरु हासिल भएका छन्।

## ३.१ नीतिगत सुधारतर्फ

- श्रमिकलाई सहजरुपमा श्रम स्वीकृति दिन २ वर्षे विद्यमान प्रावधान अनिवार्य नबनाइएको साथै पुनः श्रम स्वीकृति लिन नेपाल आउनुपर्ने बाध्यतालाई हटाई विदेशस्थित नियोगवाटै श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाईएको छ।
- स्वीटजरल्याण्ड सरकारको नगद अनुदानमा वैदेशिक रोजगारीवाट फर्किएका श्रमिकको पुन:एकीकरण (ReMi) परियोजना सञ्चालन गर्नको लागि कोशी प्रदेश र मधेश प्रदेशबाट १०/१० गरी २० वटा स्थानीय तह छनौट भई कार्यक्रम कार्यान्यवनको शुरूवात गरिएको छ।
- वैदेशिक रोजगार नीति, २०६८, वैदेशिक रोजगार ऐन, २०६४ र श्रम ऐन, २०७४ लगायतका नीति तथा कानूनलाई समसामयिक परिमार्जन गर्ने कार्य भईरहेको छ।
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्गत सञ्चालित विद्युतीय प्रणालीहरुलाई समेटेर एकीकृत रुपमा श्रम र रोजगारका सूचना र सेवाहरु प्रवाह गर्न स्वीस सरकारको सहयोगमा श्रम संसार प्रणालीको विकास गरी ७५३ पालिकामध्ये ६९८ पालिकामा सम्पर्क र पहुँच स्थापित गरी सञ्चालनमा ल्याईएको छ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै यसका बहुआयामहरुलाई समेट्ने उद्देश्यले राष्ट्रिय श्रम आप्रवासन नीति तर्जुमा गरिएको छ।

## ३.२ क्षमता विकासतर्फ

- वैदेशिक रोजगारी सम्बन्धी निकाय र कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको संरक्षकत्वमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड र हेल्भेटास नेपालबीच समझदारी-पत्रमा हस्ताक्षर भई कार्यान्वयन भइरहेको छ।
- राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको पाँच वर्षीय रणनीतिक योजनाको मस्यौदा निर्माण, सीप मूल्याङ्कन प्रक्रियाको नियमावलीको मस्यौदा निर्माण र पाठ्यक्रम विकास निर्देशिका निर्माणमा प्राविधिक सहयोग प्राप्त भएको छ।
- वैदेशिक रोजगारीसँग सम्बन्धित विशेषगरी महिलाले भोग्नुपरेका सामाजिक लाञ्छना न्यूनीकरण, सम्भावित समस्या तथा ठगी, राहत तथा उद्दार आदिका बारेमा समुदायस्तरमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले सामाजिक सञ्जालमार्फत सूचना तथा जानकारी प्रवाह गरिएको छ।
- व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना (२०८०/०८१-२०८४/०८५) तयार भई कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चार र सचेतीकरणका लागि प्रदेश र स्थानीय

तहहरुमा गोष्ठी/कार्यक्रमहरु सञ्चालन गरिएको। संघीय तहमा रहने अनुगमन तथा मूल्याङ्कन समितिको बैठक २ पटक बसेको र प्रदेश तहमा रहने अनुगमन तथा मूल्याङ्कन समितिको बैठक गण्डकी तथा मधेश प्रदेशमा सम्पन्न भएको छ।

- अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ बमोजिम अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरुलाई अनिवार्य रूपमा Face Time Attendance and Iris Recognition System लागू गरिएको छ।
- वैदेशिक रोजगारीबाट फर्किएर नेपालमा उद्यम गरेका नेपाली नागरिकहरुमध्ये ८ जना उत्कृष्ठ उद्यमीलाई सम्मान गरिएको छ।
- बालश्रममा कार्य गर्ने संस्थाहरुका लागि बालश्रमिकहरुको गोपनियताको सुनिश्चित गर्न आचारसंहिता निर्माण भएको छ।
- बाल श्रममुक्त स्थानीय तह घोषणा पूर्व तयारी कार्यक्रमको लागि ५५ वटा र बाल श्रममुक्त घोषणा भएका १ वटा स्थानीय तहलाई दिगोपनाको लागि अनुदान पठाइएको छ।
- सरकारी सेवामा कार्यरत अस्थायी करार र ज्यालदारी कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गर्ने सम्बन्धमा कार्यविधिको मस्यौदा तर्जुमा भएको छ।
- औद्योगिक करिडोर लगायत औद्योगिक क्षेत्रहरुका महिला श्रमिकको कार्यस्थल सुरक्षा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

## ३.३ श्रम कूनीतिको क्षेत्र

- वैदेशिक रोजगारीमा रहेका श्रमिकहरुको समस्याहरुलाई समयमा नै सुनुवाइ गरी समस्याको समाधानमा सहजीकरण गर्ने प्रयोजनका लागि विदेशस्थित सबै नियोगहरुमा श्रम सम्बन्धी छुट्टै Dedicated Focal Point तोकिएको।
- आप्रवासनका क्षेत्रमा क्रियाशील कोलम्बो प्रोसेस, अबुधावी डाइलग, लगायत क्षेत्रीय परामर्श संयन्त्रहरुमा नेपालको सक्रिय सहभागिता रहेको।
- ILO, IOM र JICA सँगको सहकार्यमा श्रम आप्रवासनका क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको।
- द्विपक्षीय श्रम समझदारी-पत्रका मूलभूत पक्षहरु आधारभुत रोजगार करारपत्र र न्यूनतम मापदण्ड निर्धारण सम्बन्धी मस्यौदा तयार भएको।
- जापानले औद्योगिक क्षेत्रमा विशिष्ट सीप भएका कामदार (Specified Skilled Worker-SSW) लैजानका लागि जापानिज भाषा र विशेष सीप परीक्षा उत्तीर्ण गरी SSW को रुपमा कामदार पठाउन शुरु भएको।
- नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार नेपाल र साउदी अरेबीयाबीच हुने “Agreement On Workers Recruitment Between The Government Of Nepal And The Government Of The Kingdom Of Saudi Arabia” श्रम सम्झौतामा समकक्षी मिलाई हस्ताक्षर गर्ने निर्णयानुसार हस्ताक्षर गर्नका लागि परराष्ट्र मन्त्रालयमार्फत् कूटनीतिक माध्यमबाट साउदी अरेविया सरकारको सम्बन्धित निकायमा पत्राचार गरिएको।

## ३.४ सेवा प्रवाहको क्षेत्र

- श्रम सम्बन्ध र व्यवसायजन्य सुरक्षाका सवालमा विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिएको छ। यस अवधिमा ३ हजार ७ सय १७ बाल श्रम निरीक्षण एवम् ३ हजार ७ सय ६२ प्रतिष्ठान निरीक्षण गरिएको छ भने ४ हजार २ सय ७४ श्रम अडिट गरी प्रतिवेदन प्राप्त गरिएको छ।
- नेपालको श्रम प्रशासनलाई छिटो छरितो, चुस्त दुरुस्त, जिम्मेवार, उत्तरदायी र प्रभावकारी बनाउन तथा संघीय संरचना अनुरुप श्रम प्रशासनको प्रभावकारी कार्यान्वयनका लागि श्रम कानूनको परिपालना, मर्यादित श्रम, न्यूनतम पारिश्रमिक, व्यवसायजन्य सुरक्षा कार्यान्वयनको लागि प्रतिष्ठानहरुको अनुगमन निरीक्षण कार्य नियमित गरिएको छ।
- वैदेशिक रोजगार ऐन अनुसार वैदेशिक रोजगार विभागमा हालसम्म दर्ता भएका कूल इजाजतपत्र प्राप्त संस्थाहरु १६८७ वटा, सक्रिय इजाजतपत्र प्राप्त संस्था ७२५ वटा, २१२ वटा संस्थाको इजाजतपत्र नवीकरण, ३४ वटा अभिमुखीकरण तालिम प्रदायक संस्थाको अनुगमन, ५७ वटा अभिमुखीकरण तालिम प्रदायक संस्थाको कारोबार बन्द गरिएको छ भने २०२ वटा इजाजतपत्र प्राप्त संस्थाको आकस्मिक र नियमित गरी अनुगमन गरिएको छ। त्यस्तै ९ वटा परामर्शदाता (कन्सल्टेन्सी) संस्थाको अनुगमन गरिएको छ।
- सातवटै प्रदेशस्थित श्रम तथा रोजगार कार्यालयहरुबाट समेत वैदेशिक रोजगारका लागि श्रम स्वीकृति प्रदान गर्ने कार्यको थालनी भएको छ भने सूचना प्रविधिको प्रयोगमार्फत् सेवा प्रवाहलाई थप प्रभावकारि बनाउन 'Faceless, Paperless र Cashless' को अवधारणा बमोजिम श्रम स्वीकृति र पुन: श्रम स्वीकृतिलाई पूर्ण रुपमा अनलाईन प्रणालीमा आवद्ध गरिएको छ।
- पीडितहरुको गुनासो सुनुवाईको लागि सिधै महानिर्देशक लगायतका जिम्मेवार अधिकारीसमक्ष तुरुन्त सम्पर्क गर्न विभागका अधिकारीहरुको सम्पर्क नम्बर सार्वजनिक गरी सम्पर्क गर्न सकिने व्यवस्था मिलाईएको छ।
- Oversight Agencies बाट समय-समयमा माग भएका विवरणहरु समयमै वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (Foreign Employment Information Management System-FEIMS) बाट प्राप्त गरी पठाउन सकिने व्यवस्था मिलाईएको छ।
- वैदेशिक रोजगार बोर्डको सचिवालयबाट उपलब्ध गराउने आर्थिक सहायता र छात्रवृत्ति सम्बन्धी सेवालाई समेत अनलाईनमार्फत् प्रदान गर्ने कार्यलाई थप प्रभावकारी बनाईएको छ।
- स्वदेशमा रोजगारी सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना, रोजगार प्रवर्द्धन कार्यक्रम र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पुन: एकीकरण परियोजनाजस्ता विविध कार्यक्रमहरु संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा प्रभावकारी रुपमा सञ्चालन गरिएको छ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, हेलो सरकार र कल सेन्टरमा प्राप्त भएका उजुरीहरु मध्ये ७२ प्रतिशत उजुरीहरु फछ्यौट गरिएको छ।

- वैदेशिक रोजगारसम्बन्धी कल्याणकारी कार्यअन्तर्गत १२५० जना वैदेशिक रोजगारीको क्रममा मृत्यू भएका कामदारका परिवारलाई आर्थिक सहायता प्रदान गरिएको, ६९८ जना अङ्गभङ्ग वा गम्भीर बिरामी भएका कामदारलाई आर्थिक सहायता प्रदान, वैदेशिक रोजगारीको क्रममा विभिन्न कारणले पीडित भएका व्यक्तिका छोराछोरीहरुमध्ये ३९९० जनालाई रू. ५ करोड १२ लाख १२ हजार ४ सय छात्रवृत्ति सहायता रकम वितरण गरिएको छ।
- वैदेशिक रोजगारबाट फर्केका व्यक्ति एवम् परिवारका सदस्य गरी कूल १८ हजार ९ सय ८८ जनालाई उद्यमशीलता विकास गर्न रिटर्नी उद्यमशिलता कार्यक्रम सञ्चालन गरिएको छ।
- वैदेशिक रोजगारीमा गएका कामदारहरूलाई कार्यस्थलमा आइपर्ने स्वास्थ्यसम्बन्धी समस्याहरू सम्बन्धमा परामर्श उपलव्ध गराउनका लागि वार्षिक करार सम्झौता बमोजिम वीर अस्पतालबाट टेलिमेडिसिन सेवा सञ्चालन र व्यवस्थापन गरिएको छ।
- वैदेशिक रोजगारसँग सम्बन्धित राहत, उद्दार तथा समन्वय शाखा, मुद्दा शाखा र प्रहरी शाखामा प्राप्त १२ हजार ७ सय ९१ वटा उजुरीमध्ये ३ हजार ७ सय २० वटा उजुरी फछ्यौट गरी क्षतिपूर्तिबापतको रकम रू ४०,१९,५०,३१५ (अक्षेरुपी रू चालिस करोड उन्नाइस लाख पचास हजार तीन सय पन्ध्र) सहायता उपलब्ध गराईएको छ।
- वैदेशिक रोजगार विभागबाट सञ्चालन हुने सेवाहरुलाई सरलीकरण गर्न कार्यसञ्चालन कार्यविधि तर्जुमा गरिएको, वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका साथै राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन मार्सल टिम, शिघ्र प्रत्युत्तर टोली (Rapid Response Team) गठन भई २४ घण्टा गुनासो सुन्ने गरी मन्त्रालयमा रहेको श्रम कल सेन्टरलाई वैदेशिक रोजगार बोर्डमा व्यवस्थापन गरी श्रमाधान कल सेन्टरको रुपमा प्रभावकारी सञ्चालन गरिएको छ।
- वैदेशिक रोजगारी सम्बन्धी सेवालाई छिटो, छरितो र प्रभावकारि बनाउन वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, श्रम तथा रोजगार कार्यालय र श्रम इजाजतपत्रप्राप्त संस्थाहरुबाट प्रवाह हुने सेवालाई भरपर्दो र व्यवस्थित गराउन सेवा प्रवाहसँग सम्बन्धित कार्यमा प्रविधिलाई पूर्ण रुपमा उपयोग गर्ने नीति लिइएको छ।
- नेपाल सरकारको नीतिगत प्राथमिकता र न्यूनतम साझा कार्यक्रममा उल्लिखित बुँदाहरु र सम्माननीय प्रधानमन्त्रीज्यूवाट सचिवज्यूहरुलाई भएको निर्देशन र मन्त्रालयले तत्काल सुधार गर्नुपर्ने विषयहरुको समेत सुधारका कार्ययोजना तयार गरी कार्यान्वयन भईरहेको छ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, पहुँचयोग्य बनाउने उद्देश्य अनुरुप पुनः श्रम स्वीकृति सम्बन्धी सेवालाई ७५३ वटै स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमार्फत् हुने व्यवस्था गरिएको छ।

### (क) नीति तथा कानूनी सुधारका क्षेत्रहरूः

आ.व. २०८१/८२ मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले देहायका विषय क्षेत्रमा कानूनी सुधार गरेको छ।

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरु | नयाँ तर्जुमा/ संशोधन | जारी/संशोधन मिति |
|---|---|---|---|
| १ | GCM NATIONAL IMPLEMENTATION STRATEGY 2024 | नयाँ तर्जुमा | २०८१/०५/०२ |
| २ | वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि तालिम सञ्चालन गर्ने संस्थाको लागि आवश्यक न्यूनतम मापदण्ड सम्बन्धी कार्यविधि, २०८० (पहिलो संशोधन) | संशोधन | २०८१।०५।३० |
| ३ | योगदानकर्ता सापटी निर्देशिका, २०८१ (पहिलो संशोधन) | संशोधन | २०८१/०८/०२ |
| ४ | सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ | नयाँ तर्जुमा | २०८१/०८/२१ |
| ५ | सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०८१ (पाँचौ संशोधन) | संशोधन | २०८१/०९/१० |
| ६ | वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परिक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०८१ (छैटौं संशोधन) | संशोधन | २०८१।१२।०८ |
| ७ | कोषको रकम (वाणिज्य बैकहरुमा) लगानी गर्ने सम्बन्धी कार्यविधि, २०८१ (तेस्रो संशोधन) | संशोधन | २०८१/१२/०८ |
| ८ | वैधानिकीकरण श्रम स्वीकृतिका लागि वैदेशिक रोजगार व्यवस्थापन सेवा प्रवाह कार्यविधि,२०७९ संशोधन | संशोधन | २०८२/०२/०४ |
| ९ | वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुको स्वदेशमा शाखा कार्यालय सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ | संशोधन | २०८२/३/१० |
| १० | काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्ति सम्बन्धी मापदण्ड, २०८१ | संशोधन | २०८२/०३/१३ |
| ११ | गणतन्त्र कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८० (तेस्रो संशोधन) | संशोधन | २०८२।०३।१३ |

- राष्ट्रिय बाल श्रम निवारण प्रतिवेदन, २०८२ प्रकाशित भएको छ।
- द्विपक्षीय श्रम सम्झौता नवीकरणः दक्षिण कोरिया र जापान प्रस्तावित सम्झौता मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ।
- अर्थ मन्त्रालय र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता बमोजिम सुरक्षित आप्रवासन (SaMi) कार्यक्रमको MoU सम्पन्न भई वैदेशिक रोजगारीमा जाने नेपालीहरुलाई सही सूचना तथा परामर्श प्रदान गर्न,

सीपमूलक तालिम सञ्चालन गर्न, वित्तीय साक्षरता कार्यक्रम तथा कानूनी सहायता उपलव्ध गराउन सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम ७६ जिल्लाका कूल ५५७ स्थानीय तहमा विस्तार गर्ने गरी बजेट तथा कार्यक्रम स्वीकृत भएको छ।

- वैदेशिक रोजगारीबाट फर्की नेपालमा उद्यम गरेकामध्येबाट प्रदेशगत रुपमा एक/एक जनालाई उत्कृष्ट र देशभरीबाट एक जनालाई सर्वोत्कृष्ट उद्यमी पुरस्कार वितरण गरिएको छ।

**(ख) संरचनागत सुधारका क्षेत्रहरुः**

- मन्त्रालय र मातहतका कार्यालयहरुको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) सम्पन्न गरी स्वीकृत नयाँ सङ्गठन संरचना र दरबन्दी तेरिज बमोजिम कार्यान्वयन तथा कर्मचारी व्यवस्थापन गरिएको छ।
- मातहतका ४ वटा श्रम तथा रोजगार कार्यालयहरुको व्यवस्थापन परीक्षण र १ कार्यालयको सेवाग्राही सन्तुष्टी सर्वेक्षण सम्पन्न गरिएको छ।

**(ग) योजना तथा कार्यक्रमहरु र त्यसको कार्यान्वयन अवस्था**

ग१. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतका कार्यक्रमहरु

| सि.नं. | कार्यक्रम तथा आयोजना |
|---|---|
| १ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| २ | वैदेशिक रोजगार न्यायाधिकरण |
| ३ | रोजगार प्रवर्द्धन कार्यक्रम (SaMi) |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP) |
| ५ | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना पहिलो चरण (YETI) |
| ६ | बैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरुका लागि पुन एकिकरण परियोजना (ReMi) |
| ७ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग |
| ८ | श्रम तथा रोजगार कार्यालयहरु |
| ९ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र |
| १० | वैदेशिक रोजगार विभाग |
| ११ | राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान |
| १२ | वैदेशिक रोजगार बोर्डको सचिवालय |

ग.२. आ.व. २०८१/८२ मा भएका मुख्य-मुख्य उपलव्धिहरू

**(१) आन्तरिक रोजगारी**

- प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत् सूचीकृत बेरोजगारमध्ये ५४ हजार ५ सय ८७ जनाले औसत ५३ दिनको रोजगारी प्राप्त गरेको।

- नमुना रोजगार सेवा केन्द्रबाट एकिकृतरुपमा प्रभावकारी सेवा प्रवाहको लागि विशेष तालिम प्रदान गरिएअनुसार ३० स्थानीय तहबाट सूचना प्रवाह, रोजगार परामर्श, रोजगार विनिमय लगायतका सेवाहरु शुरु भएको।
- राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन, २०८१ को आयोजना गरी आर्थिक वर्ष २०८२/८३ देखि २०९१/९२ (सन् २०२५-२०३५) सम्मलाई आन्तरिक रोजगार प्रवर्द्धन दशक घोषणा गरिएको।
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट देशभित्र र विदेशमा रहेका रोजगारीका अवसरहरू, तालिम, सेवा तथा सूचनाहरूलाई एकिकृत गरी रोजगारदाता र रोजगारी खोजकर्तालाई प्रविधिमार्फत् सोझै सम्पर्क गर्ने उद्देश्यले श्रम संसार (shramsansar.gov.np) पोर्टल सञ्चालनमा ल्याइएको।

**(२) वैदेशिक रोजगारी**

**२.१) आ.व. २०८१/८२ को श्रम स्वीकृतिको विवरण**

गत आ.व. २०८१/८२ मा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरुले देहायबमोजिम नयाँ व्यक्तिगत, संस्थागत, सरकार-सरकार (G2G) र पुन: श्रम स्वीकृति प्राप्त गरेका छन्:

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| संस्थागत श्रम स्वीकृति | ३२५१७९ | ३४४९६ | ३५९६७५ |
| नयाँ व्यक्तिगत श्रम स्वीकृति | १०४०६६ | २९५६३ | १३३६२९ |
| पुन: श्रम स्वीकृति | ३०४४१९ | २८८९० | ३३३३०९ |
| सरकार — सरकार (G2G) | ११९४७ | १५०६ | १२६५३ |
| जम्मा | ७४४८११ | ९४४५५ | ८३९२६६ |

हालसम्म १२ वटा मुलुकहरुसँग द्विपक्षीय श्रम सम्झौता सम्पन्न भएको छ। त्यसैगरी, वैदेशिक रोजगारीका लागि संस्थागत १११ र व्यक्तिगत १७८ देश खुल्ला गरिएको छ।

**२.२) वैदेशिक रोजगार बोर्डमार्फत् प्रवाह गरिएका कल्याणकारी कार्यहरुः**

वैदेशिक रोजगारीको क्रममा मृत्यू वा अङ्गभङ्ग हुँदा वैदेशिक रोजगार बोर्डबाट नियमानुसार प्रदान गरिने आर्थिक सहायताका लागि स्थानीय तहसँगको समन्वयमा अनलाइन प्रणालीबाट सोझै पीडित वा मृतक कामदारको नजिकको हकदारको बैङ्क खातामा भुक्तानी गर्ने तथा बोर्डबाट प्रदान गरिने अन्य सेवाहरु समेत अनलाइन प्रणालीमार्फत् प्रवाह गर्ने गरिएको छ। गत आ.व. २०८१/८२ मा बोर्डबाट सम्पादन भएका कल्याणकारी कार्यहरु देहाय बमोजिम रहेका छन्:

| क्र.सं. | क्रियाकलाप | जम्मा | खर्च भएको रकम (रू हजारमा) |
|---|---|---|---|
| १ | मृतक कामदारका परिवारलाई आर्थिक सहायता | १५४४ | १११९४००.६० |
| २ | अङ्गभङ्ग/बिरामी कामदारलाई आर्थिक सहायता वितरण | ७६२ | २५९३७१.०५ |

| | | | |
|---|---|---|---|
| ३ | कामदारका परिवारलाई स्वास्थ्योपचार सहयोग | ३४४ | १७०००.०० |
| ४ | मृतक कामदारका पारिवारलाई आर्थिक सहायता | ७५३ | ४८४९४०.०० |
| ५ | अलपत्र कामदारको शव नेपाल ल्याउने | ४९५ | ३२५७४.०० |
| ६ | मृतक कामदारका सन्तति छात्रवृत्ति (मा.वि तहसम्मका) सहायता | ३१४५ | ४१०१०.०० |
| | जम्मा | २६६६४ | १७३४४६३.५ |

## २.३) रोजगार प्रवर्द्धन कार्यक्रम (सामी)

यस मन्त्रालयअन्तर्गत सञ्चालित सुरक्षित आप्रवासन (SaMi) कार्यक्रममार्फत् गत आ.व. २०८१/८२ मा वैदेशिक रोजगारीमा जाने व्यक्ति र तिनका परिवारहरुलाई देहायबमोजिम सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता तालिम, सीपमूलक तालिम र कानूनी सहायताका लागि सहजीकरण सम्बन्धी सेवाहरु प्रवाह गरिएको छ। साथै, हाल सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम ७६ जिल्लामा सञ्चालित छ।

| क्र.सं. | विवरण | एकाई | वार्षिक लक्ष्य | वार्षिक उपलब्धि |
|---|---|---|---|---|
| १ | MRC मार्फत् वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रदान | जना | ५,००,००० | ४,३३,३७८ |
| २ | मनोसामाजिक परामर्श (व्यक्तिगत) | जना | ४,००० | ४,९७६ |
| ३ | वित्तीय साक्षरता तालिम | जना | ५०,००० | ७१,९१९ |
| ४ | आप्रवासी श्रोत केन्द्र/उपकेन्द्रमार्फत् समस्या तथा गुनासो समाधानका लागि समन्वय र सहजीकरण | जना | ६,२५० | ६,९४७ |

## (३) श्रम सम्वन्ध र व्यवसायजन्य सुरक्षा

गत आ.व. २०८१/८२ मा श्रम सम्बन्ध तथा व्यवसायजन्य सुरक्षा विभागबाट देहायबमोजिमका सेवाहरु प्रवाह गरिएको छ:

| क्र.सं. | विवरण | एकाई | नयाँ दर्ता | नवीकरण | जम्मा |
|---|---|---|---|---|---|
| १ | गैर-नेपाली नागरिकलाई श्रम स्वीकृति प्रदान | जना | ८९२ | १६६७ | २५५९ |
| २ | श्रमिक आपूर्तिकर्ता ईजाजतपत्र प्रदान | संख्या | ६६ | ४७३ | ५३९ |
| ३ | ट्रेड युनियन संघ दर्ता/नवीकरण | संख्या | २१ | ७६ | ९७ |
| ४ | प्रतिष्ठानस्तरको ट्रेड युनियन दर्ता/नवीकरण | संख्या | ७७ | २३९ | ३१६ |

### (४) योगदानमा आधारित सामाजिक सुरक्षा

योगदानमा आधारित सामाजिक सुरक्षाको दायराभित्र सूचीकृत प्रतिष्ठान तथा श्रमिकको संख्या, कूल योगदान रकम र दाबी भुक्तानी लगायतका विवरणहरु देहाय बमोजिम रहेका छन्:

| विवरण | वार्षिक लक्ष्य | २०८१/८२ को उपलब्धि | हालसम्मको उपलब्धि |
|---|---|---|---|
| प्रतिष्ठान सूचीकरण (संख्या) | ३०,००० | १,७६६ | २०,९७६ |
| श्रमिक सूचीकरण (संख्या) | १०,००,००० | ८,८८,६४० | २३,८०,१८० |
| श्रमिकको उपचार गर्ने अस्पतालको संख्या (वटा) | १०० | २४ | १०७ |
| कूल योगदान रकम (रू अर्बमा) | - | २८.४४ | ८६.७३ |
| कूल दावी भुक्तानी (रू अर्बमा) | - | ५.९२ | १५.७६ |
| सामाजिक सुरक्षा योजनाको संख्या | - | ४ | ४ |

- सामाजिक सुरक्षा कोषका योगदानकर्ताहरुको वृद्ध अवस्था सुरक्षा योजनामा जम्मा भएको योगदान रकममा आ.व. २०८१/८२ श्रावण १ गतेदेखि चैत्र ४ गतेसम्मको लागि ५.५% र चैत्र ५ गतेदेखि आषाढ मसान्तसम्मको लागि ५% व्याजदरको आधारमा कूल २३ लाख ७९ हजार ५ सय ८५ जना योगदानकर्ताको खातामा व्याजबापतको रकम रू. २ अर्ब ८४ करोड ५० लाख ७७ हजार ४ सय २५ वितरण गरिएको छ।
- औपचारिक, अनौपचारिक तथा स्वरोजगार क्षेत्र र वैदेशिक क्षेत्रका श्रमिक तथा व्यक्तिहरुको लागि सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधिहरुको संशोधन स्वीकृत भई योगदानकर्ताको परिवारमा स्वास्थ्य सेवा विस्तार गरिएको छ।

### (५) व्यावसायिक सीप विकास

स्वदेशभित्रै उद्यम गर्न चाहने र वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकको व्यावसायिक सीप विकासका लागि देहायबमोजिमका निकायहरुबाट तालिम प्रदान गरिएको छ:

- रोजगारदाता संघमहासंघको नेतृत्वमा श्रमबजारको माग अनुरुप १९ वटा सीपमूलक तालिमको पाठ्यक्रम निर्माण गरी स्वीकृत भएको छ।
- प्रतिष्ठान र केन्द्रहरूबाट ५२८५ जनालाई विभिन्न विषयमा सीपमूलक तथा सीप अभिबृद्धि तालिम प्रदान गरिएको छ।
- आन्तरिक रोजगारी सिर्जनाका लागि सीप विकास गर्न १३ वटा रोजगारदाता संघमहासंघसँग समझदारीपत्रमा हस्ताक्षर गरिएको छ।

(६) **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतका मुख्य-मुख्य सूचकहरु तुलनात्मक स्थितिको अवस्थाः**

| क्र.सं. | नतिजा सूचक | एकाइ | बेसलाइन/ ८०/८१ को प्रगति | वार्षिक लक्ष्य | २०८१/०८२ को प्रगति |
|---|---|---|---|---|---|
| १ | आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र स्थापना र व्यवस्थापन | जिल्ला संख्या | ४२ | ३५ | ७६ |
| २ | सूचीकृत बेरोजगारमध्ये रोजगार सहायता कार्यक्रमबाट रोजगार पाउने व्यक्ति | संख्या (हजारमा) | ५८.१२२ | ६० | ५४.५८७ |
| ३ | श्रम सम्झौता भएका गन्तव्य मुलुक | संख्या | १२ | ३ | १२ |
| ४ | पुनःएकीकरण कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या | संख्या (हजारमा) | ४ | १ | ५ |
| ५ | वैदेशिक रोजगारमा जाने सीपयुक्त व्यक्तिको संख्या | प्रतिशत | ० | ८० | ७०.६२५ |
| ६ | छोटो अवधिको रोजगार उन्मुख व्यावसायिक सीपमूलक तालिम लिनेको संख्या | संख्या (हजारमा) | ९.४१९ | ३० | २४.०८४ |
| ७ | सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/ रोजगारदाताको संख्या | संख्या (हजारमा) | १९.२०४ | १०.७९६ | २०.९७६ |
| ८ | सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको संख्या | संख्या (हजारमा) | १४८८ | १०१२ | २३८०.१८० |
| ९ | पुँजीगत खर्च | प्रतिशत | ४४.५३ | १०० | १६.२७ |
| १० | कुल बेरुजुमा फछ्यौंटको अनुपात | प्रतिशत | ५२ | १०० | ९२ |
| ११ | गुनासो फछ्यौंट | प्रतिशत | ५० | १०० | ७० |

# परिच्छेद चार

# समस्या तथा चुनौती र समाधानका उपायहरु

वार्षिक लक्ष्य र उद्देश्य बमोजिम प्रभावकारी रुपमा कर्यसम्पादन गर्न नसक्नुका समस्या तथा चुनौती र समाधानका उपायहरु यसप्रकार रहेका छन्:

## ४.१ समस्या तथा चुनौतीहरु

- तीन तहका सरकारको कार्यजिम्मेवारीलाई थप स्पष्ट पार्दै कार्यक्रम सञ्चालनमा राष्ट्रिय प्राथमिकतासँग सामञ्जस्यता स्थापित गर्न प्रभावकारी समन्वय गर्नु,
- श्रम तथा रोजगारीको हकको पूर्ण रुपमा कार्यान्वयन गर्नु,
- श्रमको सम्मान गर्ने संस्कारको विकास गरी स्वदेशमानै रोजगारी तथा स्वरोजगारी अभिवृद्धि गर्नु,
- उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सिर्जना गर्दै रोजगारीको तथ्याङ्कलाई व्यवस्थित गर्ने एकीकृत संयन्त्रको निर्माण गर्नु,
- असल श्रम सम्बन्धको विकास गर्नु,
- श्रम अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाई दण्ड र पुरस्कारको व्यवस्थालाई प्रभावकारी बनाउनु,
- श्रमको उत्पादकत्व वृद्धि मार्फत आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो बनाउनु,
- अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्नु,
- श्रम बजारको माग अनुरूप सीपयुक्त श्रम शक्तिको उत्पादन गर्न आवश्यक संस्थागत क्षमताको विकास गर्नु,
- योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी विद्यमान योजनालाई सर्वस्वीकार्य र दिगो बनाई दायरालाई फराकिलो बनाउन सरकार, रोजगारदाता र श्रमिकवीच प्रभावकारी समन्वय र सहकार्य स्थापित गर्नु,
- वैदेशिक रोजगारीको क्रममा समस्यामा परेका नेपाली कामदारहरुको उद्धार गर्न विदेशस्थित नेपाली नियोगहरुको प्रभावकारी परिचालन गर्नु,
- वैदेशिक रोजगारीबाट प्राप्त पुँजी, प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु,
- श्रम तथा रोजगार प्रशासनमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।

## ४.२ समस्या समाधानका उपायहरु

- श्रम तथा रोजगारीका क्षेत्रमा तीन तहका सरकारहरुवीचको कार्यक्षेत्रमा स्पष्टता बनाई प्रभावकारी समन्वय र सहकार्य गर्ने,
- उद्यमशीलता र रोजगारीका अवसरको सिर्जना मार्फत आन्तरिक रोजगारीको प्रवर्द्धन गर्ने,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुसारको सीपयुक्त जनशक्तिको आपूर्तिमा तादम्यता र सीप परीक्षणको व्यवस्था गर्ने,
- वैदेशिक रोजगारीमा रहेको ठगी, दलाली र विचौलियाको नियन्त्रण गर्ने,
- सुरक्षित, मर्यादित, व्यवस्थित र तुलनात्मक लाभयुक्त वैदेशिक रोजगारीको प्रवर्द्धन गर्ने,
- वैदेशिक रोजगारीबाट फर्किएका मानिसहरुको आर्थिक तथा सामाजिक पुन:एकीकरण गर्ने,
- वैदेशिक रोजगारीको क्रममा मृत्यु, अंगभंग, गम्भीर विरामी भएका कामदार तथा निजहरुको परिवारलाई प्रदान गरिने राहत तथा आर्थिक सहायतामा प्रभावकारीता तथा उद्दारमा शिघ्रता दिने,
- श्रम कानूनको परिपालना र असल औद्योगिक श्रम सम्बन्धको प्रबर्द्धन गर्ने,
- श्रमिकहरुलाई व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षाको प्रत्याभूति गर्ने,
- सामाजिक सुरक्षाको एकीकृत नीति र संरचना तयार गर्ने,
- आकर्षक र प्रतिफलयुक्त योगदानमा आधारित सामाजिक सुरक्षा योजना, यसको दिगोपना र दायरा विस्तार गर्ने,
- सेवा प्रवाहमा सुशासन, पारदर्शिता र जवाफदेहीता वहन मार्फत जनमूखी सेवा प्रवाह गर्ने,
- सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग तथा दिगोपना सुनिश्चित गर्ने।

## ४.३ निष्कर्ष

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मुख्य कार्यक्षेत्र श्रम सम्बन्ध, आन्तरिक रोजगारी, वैदेशिक रोजगारी, व्यवसायिक तथा सीप विकास र सामाजिक सुरक्षाको क्षेत्रका विविध चुनौतीहरुका वावजुद विभिन्न नीतिगत, संरचनागत तथा प्रक्रियागत एवम् अन्य सुधारका कार्यहरु मार्फत सन्तोषजनक उपलब्धिहरु हासिल भएका छन्।




नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

काठमाण्डौ ।